# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोध शीर्षक **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययन रहेको छ । सामाजिक यथार्थवादी धरातलमा टेकेर रचना गरिएको प्रस्तुत उपन्यास रुद्रराज पाण्डेको चौथो उपन्यास वि.सं. २००५ हो । काठमाडौँको उच्च कुलीन परिवारमा वि.सं. २०५७ मा जन्मिएका उपन्यासकार रुद्रराज पाण्डे नेपाली साहितयका बहुमुखी प्रतिभा हुन् । सर्वप्रथम वि.सं. १९७३ मा चन्द्रिका र चन्द्र पत्रिकामा प्रकाशित कविताहरू सन्ध्या र जागृति मार्फत नेपाली साहित्यकाशमा देखापरेका हुन् । पाण्डेले नेपाली भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएका पाण्डेले आफूलाई उपन्यासकारका रूपमा नेपाली साहित्याकाशमा कालजयी बनाएका छन् । नेपाली साहितयको ऐतिहासिक विकासक्रममा नयाँ मोड दिएर नेपाली उपन्यासमा आधुनिकताको प्रवर्तन गर्ने श्रेय पनि पाण्डेले पाएको देखिन्छ । उनका प्रायः उपन्यासमा नेपाली समाजको यथार्थ चित्रण पाइन्छ । उनका सबै उपन्यासले समाज यस्तो छ तर यस्तो हुनु पर्दछ भन्ने नैतिक सन्देश दिएका छन् । आदर्शोन्मुख यथार्थवादी धाराका प्रवर्तक पाण्डेले आफ्नो पहिलो उपन्यास **रूपमती**बाट नै नेपाली उपन्यासका क्षेत्रमा नयाँ मोड दिएका छन् । **रूपमती** (१९९१) उपन्यासले माध्यमिककालीन अलौकिक, अतिमानवीय आद्भूतिक, तान्त्रिक एवम् ऐयारी जस्ता प्रवृत्तिबाट विकसित हुँदै आएको परम्पराको अन्त्य गरेर नवीन विषयवस्तु शिल्पशैली र चिन्तनको सुरुवात गरेको छ । यसैबाट उपन्यासमा नेपाली उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादी धाराको प्रवर्तन भएको छ ।

**प्रेम** उपन्यास पाण्डेको चौथो उपन्यास अर्थात् वि.सं. २००५ मा नेपाली भाषा अनुवाद परिषद्ले प्रकाशन गरेको उपन्यास हो । प्रस्तुत उपन्यासमा सामाजिक यथार्थ मूल्यहरूलाई आदर्शकै आधारमा रहेर तत्कालीन समयका रहनसहन, रीतिस्थिति, चालचलन, धर्मसंस्कृति, शिक्षाको स्थितिको चित्राङ्कन गरिएको छ । नेपालका पहाड, तराई, उपत्यका, ग्रामीण, सहरिया, पल्टने, उच्चवर्ग, निम्नवर्ग, शिक्षामा सकारात्मक सोच भएका नभएका व्यक्ति पात्रहरूलाई स्थान दिइएको छ । उपन्यासकी प्रमुख पात्रलाई घरबाहिर राखेर पढ्न पठाई उपन्यासकारले उपन्यासको कथानकलाई आदर्शको रूप दिएका छन् । प्रशस्त पात्रहरूको प्रयोग बिचबिचमा उपकथानकको संयोजन, पात्रका मानसिक प्रवृत्तिहरू, उखानटुक्काको प्रयोग, तत्कालीन समयमा समाजमा बोलिने शब्दहरूलाइ जस्ताको तस्तै टिपेर उपन्यासमा राखिएको छ । यी सबै कुराहरूले गर्दा उपन्यास रोमाञ्चक बनेको छ । प्रस्तुत उपन्यास लेखनको प्रमुख उद्देश्य शिक्षाद्वारा समाजका विभिन्न स्तरका व्यक्तिहरूलाई परिवर्तन गर्न सकिन्छ र समाजलाई शिक्षित बनाउन सकिन्छ भन्ने रहेको छ । सामाजिक र मौलिक विशेषता रहेको यस उपन्यास उपन्यासकार पाण्डेको अन्य उपन्यास वा आदर्शोन्मुख यथार्थवादी उपन्यासका सापेक्षतामा उत्कृष्ट देखिन्छ ।

## १.२ समस्या कथन

उपन्यासकार रुद्रराज पाण्डेद्वारा लिखित **प्रेम** उपन्यास उनका पूर्ववर्ती उपन्यासहरू जस्तै महत्त्वपूर्ण र चर्चित उपन्यास हो । आधुनिक नेपाली उपन्यास परम्परालाई भित्र्याउने पाण्डेको **प्रेम** उपन्यासमा तत्कालीन समाजलाई कथानकको आधार बनाइएको छ । **प्रेम** उपन्यासमा पनि पाण्डेले अन्य उपन्यासमा जस्तै महत्त्वपूर्ण भएको तर औपन्यासिक विधातत्त्वका आधारमा आजसम्म अनुसन्धानात्मक अध्ययन हुन नसकेको देखिन्छ । **प्रेम** उपन्यासका बारेमा विभिन्न पुस्तक एवम् पत्रिकाहरूमा विभिन्न समालोचक एवम् समीक्षकले टीका टिप्पणी गरेको भए तापनि यस समग्र उपन्यासलाई औपन्यासिक विशेषताका आधारमा अध्ययन गरेका छैनन् । त्यसैले **प्रेम**

उपन्यासको विधातात्त्विक अध्ययन गर्नु नै प्रमुख समस्या रहेको छ भने यसै समस्यासँग गाँसिएर निम्न समस्या आएका छन् :

(क) उपन्यासको विधातत्त्व के हो ?

(ख) **प्रेम** उपन्यासका स्थूल तत्त्व के कस्ता छन् ?

(ग) **प्रेम** उपन्यासका सूक्ष्म तत्त्वके कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य **प्रेम** उपन्यासलाई विधातत्त्वका आधारमा विश्लेषण गर्नु रहेको छ भने यही मूल उद्देश्यसँग सम्बन्धित निम्न उद्देश्य यस शोधपत्रमा आएका छन् :

(क) उपन्यासको विधातत्त्वको सङ्क्षिप्त रेखाङ्कन गर्नु,

(ख) स्थूल तत्त्वका आधारमा **प्रेम** उपन्यासको अध्ययन गर्नु र

(ग) सूक्ष्म तत्त्वका आधारमा **प्रेम** उपन्यासको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार पाण्डेका अन्य उपन्यासहरूको अध्ययन गरेको पाइए तापनि **प्रेम** उपन्यासको विधातत्त्वका आधारमा अध्ययन गरिएको पाइँदैन । यस उपन्यासलाई विधातत्त्वमा आधारित रहेर अध्ययन नभए पनि विभिन्न पुस्तक, पत्रपत्रिकामा **प्रेम** उपन्यासका बारेमा उल्लेख भएका सूचनाहरूलाई पूर्वकार्यका रूपमा कालक्रमिक रूपमा यहाँ उल्लेख गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२८) **मधुपर्क**, वर्ष १, अङ्क ११, पृष्ठ ३–४ पात्रहरूको जीवन अध्ययन र प्रवृत्तिहरूको चित्रण गर्नु मुख्य काम भएन पनि उपन्यासमा प्रयोग भए पात्रहरूमा केन्द्रित भएर **प्रेम** उपन्यासका बारेमा आफ्नो मत प्रस्तुत गरेका छन् ।

**भाषा अनुवाद परिषद्** (२०३८) मा प्रेम भन्ने आइमाईलाई आदर्शको शिखरमा चढाउन खोज्दा लेखकले धेरै कुरा कोचाकोच गरेका छन् भनि आलोचना गरिएको छ । एकचोटिको महान्को भेटमा रजहाँसको भुवनप्रति प्रेम दर्शाएको पनि उति स्वाभाविक देखिँदैन । झलकलाई जोइटिङ्ग्रे बनाएको पनि हदभन्दा बढ्ता नाघेजस्तो देखिन्छ । किनभने कष्ट सह्य भई छोरो अस्पतालमा पुगेको बखतमा कुनै बाबु पनि चुप लागेर अडिन सक्दैन, त्यो पनि भित्रभित्र मन चुँडाएर त असम्भव छ भनि उल्लेख गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** (२०५२) मा अन्य उपन्याससँग तुलना गर्ने क्रममा **प्रेम** उपन्यासलाई **रूपमती**को नाजिक राख्न सकिन्छ भनि लेखेका छन् । **प्रेम** उपन्यासमा पनि **रूपमती**मा जस्तै तत्कालीन सामाजिक यथार्थको चित्रण गरिएको छ । पाठकलाई नैतिक सन्देश दिन खोजिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास, परम्परा र प्रवृत्ति** (२०५३) को भूमिका प्रकाशनमा उनका उपन्यासमा कथोपकथनको गुनासो अस्वाभाविक हदसम्म तन्केको हुन्छ । उनको **प्रेम** उपन्यासमा सामाजिक यथार्थका मूल्यहरूलाई आदर्शकै घेराबाट प्रतिपादित गर्ने धृष्टता राख्दछ । नेपालका पहाड, तराई, उपत्यका सम्मको परिवेशलाई ग्रामीण सहरिया, दरबारिया र सदरियाहरूको खानदानी र तिनका नोकरचाकरका ढर्राहरूलाई गाउँघरका पल्टने र गरिब किसानहरूका टिठलाग्दा अवस्थालाई **प्रेम** उपन्यासमा स्थान दिइएको छ भनि उल्लेख गरेका छन् ।

विष्णुप्रसाद चापागाईं (२०६१) ले **रूपमती उपन्यासको कृतिपरक अध्ययन**मा **प्रेम** उपन्यासमा नारी शिक्षाको जोडदार माग गरेका छन् । **प्रेम** उपन्यासकी नारी चरित्र प्रेमलाई उसका अभिभावकले कलकत्तामा राखेर आधुनिक शिक्षा दिने काम गरेका छन् । यस्तो अवसर प्राप्त गरेकी प्रेमले औपचारिक शिक्षा पाएर नै योग्य नारी जिम्मेवारी वहन गरेकी छे भनि प्रेमको चारित्रिक विशेषता उल्लेख गरेका छन् ।

महादेव अवस्थी, एउटा यथार्थवादी उपन्यास, प्रेम, नरेन्द्र प्रसाइँ र इन्दिरा प्रसाइँ ( सम्पादन), रुद्रराज पाण्डे, सृष्टि–दृष्टिमा पूर्वीय अध्यात्मवादी पाण्डेले आफ्नो नैतिक आध्यात्मिक भावनालाई **प्रेम** उपन्यासमा प्रकट गरेका छन् । सामाजिक उन्नतिका निम्ति नारीलाई शिक्षित बनाउनु पर्ने भाव व्यक्त गरेका पाण्डेले शिक्षाद्वारा नै समाजसुधार हुन्छ भन्ने नैतिक शिक्षालाई प्रस्तुत गरेका छन् भनि उल्लेख गरेका छन् ।

इन्द्रबहादुर राई नेपाली उपन्यासका आधारहरूमा **प्रेम** उपन्यासमा उनले तत्कालीन समाजको चित्रण गर्नुका साथै त्यसमा नारी शिक्षाको आवाज पनि उठाएका छन् । पति, सौता र छोराबाट पीडित अपहेलित हुने नारी अवस्थालाई उपन्यासकारले चित्रण गरेका छन् । गृह कलह, चाकरिया प्रवृत्ति र स्थानीय वातावरण समेत उपस्थापित गर्ने **प्रेम** उपन्यास पनि अन्तमा भुवनको प्रेम सम्बन्धी आदर्श दृष्टिकोण देखाएर आदर्शवादी बन्न पुगेको छ भनि उल्लेख गरेका छन् ।

स्थिरप्रसाद पराजुली (२०५९) विद्यावारिधिमा मानव जीवनलाई आदर्श बन्न शिक्षाले ठूलो प्रेरणा दिइरहेको हुन्छ भन्ने जीवन दर्शन पाण्डेको रहेको पाइन्छ भनि उल्लेख गरेका छन् तर कसलाई शिक्षा दिइयो भने समाज परिवर्तन गर्न सकिन्छ भनि उल्लेख गरेका छैनन् ।

खुमराज पाण्डे (२०६१) स्नातकोत्तर शोधपत्र, बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता कुराहरू वैज्ञानिक रूपले छुट थियो जसको सिकार नाबालक स्त्री

जातिहरू हुन पुग्थे भन्ने देखाउनु र छोरीलाई शिक्षा दिनुपर्छ भन्ने सन्देश **प्रेम** उपन्यासले दिएको छ भनि उल्लेख गरेका छन् ।

## १.५ अध्ययनको औचित्य

उपन्यासकार रुद्रराज पाण्डेको चौथो औपन्यासिक कृति **प्रेम** सामाजिक आदर्श अनुसार यथार्थवादी, मौलिक कृति हो । तत्कालीन समाजका धर्म, संस्कृति, शैक्षिक स्थितिलाई मध्यनजर गर्दै लेखिएको यस उपन्यासको आजसम्म औपन्यासिक विधातत्त्वका आधारमा अनुसन्धानात्मक अध्ययन गरिएको पाइँदैन । **प्रेम** उपन्यासका बारेमा विभिन्न समालोचक तथा समीक्षकहरूले गरेका टीका टिप्पणी र विवेचनाहरूले मात्र यसको अध्ययन पूरा नभएकोले उपन्यासका विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गर्नु यस शोधपत्रको अध्ययनको औचित्य रहेको छ । यस उपन्यासमा औपन्यासिक विशेषता के कस्ता रहेका छन् भनी बुझ्न चाहने जो कोही जिज्ञासु पाठकहरू तथा साहित्यानुरागी सबै लाभान्वित हुनेछन् । यसरी **प्रेम** उपन्यासको समग्र अध्ययन गर्नु नै यस शोधपत्रको औचित्य, महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

रुद्रराज पाण्डे नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनी मुख्यतः उपन्यासकारका रूपमा परिचित छन् । उनको **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययनलाई मुख्य समस्या बनाई त्यसैमा सीमित हुनु र विधातत्त्वका आधारमा अध्ययनमा केन्द्रित रहनु प्रस्तुत शोधको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

प्रस्तुत शोधकार्यको शीर्षक **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययन विषयक अध्ययन भएकोले सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ । साथै आवश्यकताअनुसार विषय विशेषज्ञहरूसँग समेत सम्पर्क

गरी आवश्यक सल्लाह तथा सुझाव लिइएको छ । सामग्री सङ्कलनका क्रममा मूल र गौण दुवै स्रोतहरूको समेत सहयोग लिइएको छ । मूल स्रोतका रूपमा पाण्डेको **प्रेम** उपन्यासलाई नै र अन्य यसैमा केन्द्रित रचनाहरूलाई समेत लिइएको छ भने गौण स्रोतका रूपमा उपन्यासकार पाण्डेसँग समालोचनात्मक तथा प्राज्ञिक अभिव्यक्तिहरूलाई लिइएको छ । सङ्कलन सामग्रीहरूको प्रस्तुतीकरणमा वस्तुपरक वा वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् सङ्गठित रूप दिनका लागि चार परिच्छेदभित्रका मूल शीर्षक विभाजन गरी आवश्यकताअनुसार उपशीर्षक समेत राखेर अध्ययन गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : उपन्यासको सङ्क्षिप्त सैद्धान्तिक परिचय

परिच्छेद तीन : विधातत्त्वका आधारमा ‘प्रेम’ उपन्यासको विश्लेषण

परिच्छेद चार : उपसंहार

सन्दर्भसामग्री

# परिच्छेद दुई
# उपन्यासको सङ्क्षिप्त सैद्धान्तिक परिचय

## २.१ उपन्यासको स्वरूप

साहित्यका सबै विधाहरूको आ–आफ्नै स्वरूप हुन्छ । उपन्यास पनि साहित्यको आफ्नै स्वरूप र सङ्गठन भएको विधा हो । अङ्ग्रेजी साहित्यकारहरूले स्वरूपको केही खास शब्दको प्रयोग गरेका छन् – स्टक्चर, फर्म, डिजाइन, ड्राफ्ट, पेटर्न, रिदम, सर्फेस आदि । विभिन्न अव्यवहरू मिलेर यसको स्वरूप निर्माण भएको हुन्छ । जीवन र जगत्को सम्पूर्ण अनुभूतिहरूको चित्रण हुने हुनाले यसको स्वरूप महाकाव्य समकक्षी हुन्छ । महाकाव्यको अभिव्यक्तिमा रागात्मक अनुभूति कल्पनाको प्राचर्यु, चरित्रको आदर्श रूप रसतत्त्वको अपरिहार्यता र आलङ्कारिक भाषा पाइन्छ भने उपन्यासको अभिव्यक्तिमा जीवन अनुभवको बौद्धिक चित्रण जीवन सत्यको यथार्थिक परिचयको आग्रह, चरित्रको वास्तविकता र यथार्थ रूपको उद्घाटन सरल र सुबोध्य एवम् प्रचलित भाषाको प्रयोग पाइने हुनाले महाकाव्य शास्त्रीय बन्धनलाई उपेक्षा गर्न सक्दैन तर उपन्यास स्वतन्त्र भएर अघि बढ्छ (उपाध्याय, २०४९ : २२४–२२५) । समय, स्थान र व्यक्तिको मर्यादालाई पालन गरेर, शैली र सीमाभित्र समग्र जीवन प्रस्तुत गर्नु, सङ्क्षेपमा व्यक्त हुनु उपन्यासको स्वरूप हो (सुवेदी, २०५३ : ११) । अवयवहरूको नियमित फर्मुला विपरीत प्रयुक्त हुनेहरूको पनि कुनै शृङ्खला हुन्छ नै र कुनै निश्चित शैलीमा व्यक्तिएर रूपाङ्कित हुने हुँदा घटना, चित्रण, कथात्मकता आदिको रोचक तथा विश्लेषणात्मकता आलेख्य अथवा तिनीहरूको संयोजन कुलशता उपन्यासको स्वरूप हो (प्रधान, २०५२ : ४) । कसै–कसैले यसलाई कथाको विस्तारित स्वरूप पनि भनेका छन् ।

यसरी उपन्यासको स्वरूपलाई सङ्क्षेपमा भन्नु पर्दा गद्यात्मक, वृहत्, आख्यानात्मकता उपन्यासको स्वरूप हो । यसमा सिङ्गो जीवन र जगत्को चित्रण

हुन्छ । यसले जीवनको यथार्थलाई व्यापक र विस्तृत रूपमा हेर्दछ । उपन्यासकारको विचार अनुकूल कथ्य, सन्देश, अभिव्यक्ति, शिल्प, घटना सङ्कलन प्रणाली घटनाव वा आख्यानको सङ्कुचन विस्तार आदिको आधारमा उपन्यासले आफ्नै स्वरूप धारणा गर्दछ ।

## २.२ उपन्यासका तत्त्वहरू

उपन्यास आफैमा अस्तित्व भएको एक पूर्ण रचना हो । विभिन्न प्रकारका संरचक अवयवहरूको सम्मिश्रणबाट यसको निर्माण हुन्छ । मानव शरीरको बनावटका लागि जसरी विभिन्न अङ्गहरूको आवश्यकता हुन्छ । उपन्यास बन्न पनि विभिन्न तत्त्वको आवश्यकता पर्दछ । उपन्यास रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ । जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ । आधुनिक समालोचनामा यिनलाई तत्त्व भनेर उपकरणका रूपमा पनि व्याख्या गरिएको पाइन्छ (बराल र एटम, २०६६ : २०) । उपन्यासका तत्त्वहरूका सम्बन्धमा प्रायः ६ वटा तत्त्व आवश्यक पर्ने कुरामा सबै समालोचक सहमत छन् । कृष्णचन्द्र सिंह प्रधानले कथानक, चरित्र, कथपोकथन शैली, भाषा, वातावरण, उद्देश्य आदिलाई उपन्यासका तत्त्व स्वीकारेका छन् । परम्परागत रूपमा पहिले उपन्यासका तत्त्वहरू भन्नाले कथानक चरित्र चित्रण, संवाद, देशकाल र वातावरण, भाषाशैली तथा उद्देश्यलाई लिइन्थ्यो भने आजभोलि उपन्यासका दृष्टिबिन्दु समेत थपी सातवटा तत्त्वहरू उपन्यासका लागि आवश्यक पर्ने विचार पाइन्छ (ढुङ्गेल, दाहाल, २०५७ : १८१) । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासका आठ तत्त्व छन् भनि उल्लेख गरेका छन् – कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब गति र लय आदि । यसरी उपन्यासका तत्त्व पनि कसैले ६ कसैले ७ र कसैले ८ भनि आ–आफ्ना विचार प्रस्तुत गरेका छन् । ती सबै विद्वान्हरूको विचारलाई मनन गरी उपन्यासका प्रमुख तत्त्वहरूलाई यसप्रकार देखाउन सकिन्छ :

(क) कथावस्तु

(ख) चरित्रचित्रण

(ग)  संवाद

(घ)  देश, काल र वातावरण

(ङ)  भाषाशैली

(च)  उद्देश्य

(छ)  दृष्टिबिन्दु

### २.२.१ कथानक

कथानक उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । कथानक बिना उपन्यास रचनाको कल्पना पनि गर्न सकिँदैन । कथानकका लागि अङ्ग्रेजी (Plot) शब्दको पर्यायवाची शब्दका रूपमा लिने गरिएको छ । जुन विषयवस्तुका आधारमा उपन्यासको निर्माण गरिन्छ । यस्तो शृङ्खलाबद्ध कार्यकारण सम्बन्धका आधारमा निर्माण हुने तत्त्वलाई कथानक भनिन्छ । विभिन्न घटना र तिनीहरूको एक सूत्रताको माध्यमबाट उउटा जुन मूल कथा बन्छ त्यस्तो कथावस्तु उपन्यासको प्राण हो, कथानक चाहिँ काया हो (न्यौपाने, २०४९ : २०३) । यस्तो कथावस्तुले पाठकलाई सुरुमै आकर्षित गर्दछ । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएर व्यवस्थित गरिएका हुन्छन् । कथानकमा समय क्रममा उनिएका घटनाका अतिरिक्त बुद्धितत्त्व, स्मृति, कल्पना रहस्य आदिको मिश्रण पनि हुन्छ । द्वन्द्व र क्रियाको प्रयोगले कथानक अझ आकर्षक बन्न पुग्दछ । यी सबै मिलेर कथानकले विभिन्न मोड लिन्छ र कथालाई कौतूहलपूर्ण बनाउँछ (बराल, २०६६ : २२) ।

कथानकको आङ्गिक विकास आदि, मध्य र अन्त्यद्वारा हुन्छ । आदि, मध्य र अन्त्यका अवस्थाबाट विकसित रहेको कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ (बराल र एटम, २०६६ : २२) । कथानकको विकास सधैँ वर्तमानबाट भविष्यतिर जाने खालको हुँदैन । त्यसैले उपन्यासमा पहिले अन्त्य आएर पछि प्रारम्भ पनि आउन सक्छ । उपन्यासमा गरिने यस्तो प्रयोगलाई पूर्वदीप्ति भनिन्छ । कथानकलाई मुख्य र सहायक, सरल र संयुक्त सुगठित र व्यवस्थित गरी विभाजन गरिन्छ । कथानकको ढाँचा एउटा

सिलसिलेबार मिलेको एकपछि अर्का घटना अर्थात् पहिले सुरु, विकास र अन्त्यको अवस्थामा कथानक अगाडि बढेको रैखिक हुन्छ भने अर्का पहिले अन्त्य आएर पछि सुरु भएको वृत्तमा घुमेको जटिल वृत्ताकारीय हुन्छ । उपन्यासको कथावस्तुको स्रोत, इतिहास, पौराणिक कृतिपरक, मिथक, राजनैतिक घटना, स्वैरकल्पना आदिबाट लिने गरेको पाइन्छ ।

उपन्यासको कथानकमा उपन्यासको संरचना पनि आउँछ । अहिलेसमम यति नै पृष्ठको, यति नै परिच्छेदको भनि किटान गरिएको नभए पनि उपन्यासको सम्पूर्ण जीवनको चित्र उतारिएको हुनुपर्छ भन्ने मत भेटिन्छ । एक घटनापछि अर्को घटनामा के हुन्छ भन्ने पाठकमा कौतूहलता सिर्जना गर्न सक्ने गुण कथानकमा हुनुपर्दछ । कथानक भित्र एक पात्र र अर्को पात्रका बिचको द्वन्द्व हुन्छ । त्यो द्वन्द्व परम्परागत र आधुनिक विचारका बिच, अनुकूल र प्रतिकूल चरित्रका बिच, शिक्षित र अशिक्षितका बिच, आदर्श र यथार्थका बिच जे पनि हुन सक्छ । द्वन्द्व दुई किसिमका हुन्छन् – आन्तरिक र बाह्य द्वन्द्व । आन्तरिक द्वन्द्वमा पात्रका मनमा खेल्ने विचारहरू पर्दछन् भने बाह्य द्वन्द्वमा दुई पात्रका बिचको द्वन्द्व पर्दछ ।

## २.२.२ पात्र र चरित्रचित्रण

उपन्यास आख्यानात्मक विधा हो । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कृतिमा प्रत्येक चरित्रको रूप बिम्बपरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक–फरक किसिमका विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछन् । स्रष्टाले पात्रमा निश्चित नैतिक अभिवृत्ति प्रकट गराउने हुँदा उनीहरूको संसार नै भिन्न हुन्छ । जुन संवाद र क्रियाद्वारा व्यक्त हुन्छ । यद्यपि उपन्यासको चरित्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पहिल्याएको हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ (बराल र एटम, २०६६ : २७) । मानव जीव्नको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै

उतार्ने गर्दछ । इतिहास र समाजमा प्राप्त देशान्तर र पुस्ता, जाति, सभ्यता, परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी, २०५३ : १७) । कथानकद्वारा बुनिने घटनालाई जन्माउने गतिशील बनाउने र उद्देश्यमा पुऱ्याउने काम पात्रले गर्दछ । उपन्यासकारको जीवनको गहिराइ कलात्मकता र विचारको सघनता आदि सबैको मापन पात्र वा चरित्रले गर्दछ ।

आख्यान विधाको प्रमुख तत्त्व पात्र उपन्यासमा विभिन्न प्रकारले प्रयोग भएका हुन्छन् । उपन्यासमा पात्र प्रयोग कथानकसँग सम्बद्ध भूमिका निर्वाहका निम्ति गरिन्छ । कुनै पात्रको प्रमुख रूपमा उपन्यासभरि सशक्त रूपमा कार्य गरेका हुन्छन् भने कुनै पात्रको भूमिका गौण रूपमा रहेको हुन्छ । प्राचीन उपन्यासमा मानवीय पात्रको साथै मानवेत्तर पात्रलाई पनि उत्तिकै महत्त्वका साथ प्रयोग गरिएको हुन्थे । आधुनिक उपन्यासमा चाहिँ समाजको यथार्थको प्रतिबिम्बन गर्ने उद्देश्यले मानवीय पात्रलाई नै महत्त्व दिइएको पाइन्छ ।

मानवीय पात्रमा विभिन्न प्रकारका पात्रहरू उपन्यासमा पाइन्छन् । पात्र मानवीय जीवनको अनुकृति भएको हुँदा मान्छे जति किसिमका हुन्छन् पात्र पनि त्यति नै किसिमका हुन्छन् । पात्र यति नै प्रकारका हुन्छन् भनि किटान गर्न कठिन छ । विभिन्न विद्वान् तथा समालोचकहरूले पात्रलाई बेग्लाबेग्लै आधारमा वर्गीकरण गरिएको पाइन्छ । भरतमुनिले संस्कृत नाटकका सन्दर्भमा आफ्नो ग्रन्थ नाट्यशास्त्रमा प्रकृतिका दृष्टिले पात्रलाई उत्तम, मध्यम र अधम गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् । नायकलाई धीरोद्धत्त, धीरललित, धीरोदात्त र धीरप्रशान्त तथा नायिकालाई दिव्या, नृपपत्री, कुलस्त्री र गणिका गरी चार–चार प्रकारमा वर्गीकरण गरेका छन् (भट्टराई, २०३९ : ४०६) ।

पाश्चात्य साहित्यमा अरिस्टोटलले दुःखान्तका सन्दर्भमा पात्रलाई असल खराब भनि दुई वर्गमा विभाजन गरेका छन् (घर्ती, २०६७ : ८४) । सामान्यतः पात्रलाई गोला र च्याप्टा, सापेक्ष र निरपेक्ष, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक, प्रकार र आय प्रकार गरी वर्गीकरण गर्न सकिन्छ (नेपाल, २०११ : ५६) ।

पात्रलाई कथावस्तुका दृष्टिले प्रधान र गौण चरित्र चित्रणका दृष्टिले स्थिर र गतिशील भूमिकाका दृष्टिले वर्गीय र व्यक्तिगत गरी वर्गीकरण गर्न सकिन्छ (न्यौपाने, २०४९ : २०९–२१०) । पात्रलाई गतिशील र स्थिर, गोला र च्याप्टा, प्रतिनिधि र व्यक्तिपरक, अन्तरमुखी र बहिरमुखी पात्र गरी चार प्रकारले वर्गीकरण गर्न सकिन्छ (बराल, २०५६ : ३४) ।

चरित्र विश्लेषण विभिन्न पद्धति भए पनि व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणका निम्ति काव्यशास्त्र र भाषा विज्ञानको समन्वयबाट केही आधारहरू निर्धारण गर्न सकिन्छ :

लिङ्गको आधार – पुलिङ्ग र स्त्रीलिङ्ग पात्र
कार्यको आधार – प्रमुख सहायक र गौण पात्र
प्रवृत्तिको आधार – अनुकूल र प्रतिकूल पात्र
स्वभावको आधार – गतिशील र गतिहनि पात्र
आसन्नताको आधार – नेपथ्य र मञ्च पात्र
आबद्धताको आधार – बद्ध र मुक्त पात्र
जीवन चेतनाका आधार – व्यक्तिगत र वर्गगत पात्र (शर्मा, २०४८ : १७३)

## २.२.३ परिवेश

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व परिवेश हो । परिवेशलाई पर्यावरण, देशकाल वातावरण आदिका नामबाट पनि चिनिन्छ । उपन्यासका प्रत्येक घटनाहरू निश्चित काल विशेष र स्थान विशेषमा घटित हुने गर्दछन् । परिवेशले उपन्यासमा घटना र चरित्रलाई समुचित पृष्ठभूमि प्रदान गर्दछ । यसमा जीवनका कथा रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेश जस्ता तत्त्वहरू पर्दछन् । उपन्यासमा विभिन्न पात्रहरूले घटनाको निर्माण र सञ्चालन गर्दछन् । पात्र र पात्रहरू जहाँ रहेर काम गर्छन् त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक र बाह्य स्थितिलाई देश, काल र वातावरण भन्दछन् (न्यौपाने, २०४९ : १४१) ।

उपन्यासको घटना स्थल र घटनाकाल अर्थात् कथास्थल वा कथाकाल उपन्यासका घटनाहरू घटित हुने स्थान र उपन्यासका घटनाहरू घटित भएको समय दुवै देशकाल भित्र सम्बन्धित हुने अर्थ हुन् (गैरे, २०६३ : २०५) । उपन्यासमा कुनै देशका सन्दर्भमा मिल्ने कुनै निश्चित समय वृत्तको जीवनगाथा प्रकट गरिएको हुन्छ । यो उपन्यासको निर्मित सिर्जना हो । किनभने देशकालले उपन्यासका घटना र चरित्रलाई उपर्युक्त किसिमको पृष्ठभूमि प्रदान गर्दछ । मानिसले निर्माण गरेको परिवेशबाट उसको व्यक्तित्व निर्माण हुन्छ । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ (बराल, एटम, २०६३ : ३३) । पात्रको कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ । परिवेशभित्र देश, काल र वातावरण दुवै कुरा समेटिन्छन् (शर्मा, २५५ : ३९९) । वर्णित वस्तु वा चरित्र त्यस्तै युगको देशकालको वातावरणमा आबद्ध भई विश्वसनीय बन्छ । यसको प्रयोग बिना कथावस्तुलाई विश्वसनीयता प्रदान गर्न र पात्रलाई यथार्थता प्रदान गर्न सम्भव हुन्न ( प्रधान, २०५२ : १३) । उपन्यासको घटना घट्ने स्थान, घटना घट्ने समय र त्यो घटनाले पाठकमा पार्ने प्रभावलाई परिवेश भनिन्छ ।

यसरी परिवेशबाट उपन्यासको वर्णित समाज, उपन्यासले छोड्न खोजेको प्रभाव समय भन्ने बुझिन्छ । देशकाल वातावरणले उपन्यासलाई विश्वसनीय एवम् यथार्थ बनाउन मद्दत गर्दछ ।

## २.२.४ दृष्टिबिन्दु

उपन्यासमा कथावाचकको स्थानलाई दृष्टिबिन्दु भनिन्छ । कथयिताले कथावाचनको लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुरालाई बुझाउँछ । कतै कथयिताले आफै औपन्यासिक कथानकमा बसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकल्न पाएको हुन्छ (बराल, एटम, २०६६ : २५) । विषयवस्तुको परिकल्पना गरिसकेपछि कथयिताले कथानकको सीमाभित्र बसेर प्रस्तुत गर्ने कि कथानकको सीमाभन्दा बाहिर

दर्शकको रूपमा प्रस्तुत गर्ने भन्ने कुरा उपन्यासकारको रोजाइमा भर पर्दछ । यसले कसले कथावाचन गरेको छ, कसरी कथा भनिएको छ भन्ने कुरा बुझाउँछ । यस आधारमा दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् :

(क) आन्तरिक दृष्टिबिन्दु

(ख) बाह्य दृष्टिबिन्दु

## (क) आन्तरिक दृष्टिबिन्दु

आन्तरिक दृष्टिबिन्दुमा उपन्यासकारले घटना र पात्रको वर्णन उपन्यासभित्र आफै बसेर गर्दछन् । यसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यसमा म पात्रले उपन्यासमा घटेका घटनाहरू आत्मकथा जस्तै वर्णन गर्दछन् ।

## (ख) बाह्य दृष्टिबिन्दु

बाह्य दृष्टिबिन्दुमा उपन्यासकारले उपन्यासका घटना र पात्रको वर्णन कथा भन्दा बाहिर बसेर गर्दछन् । यसमा उपन्यासका बारेमा सम्पूर्ण घटनाहरूको ज्ञाता उपन्यासकार भए पनि घटनाभन्दा टाढा बसेर घटनाको वर्णन गरिएको हुन्छ । यसलाई तृतीय पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यो दृष्टिबिन्दु २ प्रकारको हुन्छ :

### (अ) सीमित

यसमा उपन्यासभित्र कुनै एउटा पात्रमा सीमित भएर उसकै जीवन जगत्को सम्पूर्ण चारित्रीकरण गरिएको हुन्छ । एउटा पात्रमा मात्र सीमित हुन्छ वा कुनै विचारमा मात्र सीमित हुन्छ ।

### (आ) सर्वज्ञ

सर्वज्ञ दृष्टिबिन्दुमा कथयिताले सम्पूर्ण पात्र र विचारलाई महत्त्व दिई सबैको चित्रण गर्दछ । सबै विचार र पात्रहरूका बारेमा बाहिरै बसेर टीकाटिप्पणी गरिन्छ ।

यसरी समग्रमा दृष्टिबिन्दु भन्नाले उपन्यासकारले उपन्यास लेख्दा आफूकहाँ बसेर उपन्यासका घटना वा पात्रको वर्णन गर्ने भनि आफ्नो स्थान खोज्दछन् त्यही स्थान वा ठाउँलाई दृष्टिबिन्दु भनिन्छ ।

## २.२.५ उद्देश्य

कुनै पनि साहित्यिक रचना बिना उद्देश्य गरिदैन । उपन्यास पनि पाठकलाई मनोरञ्जन प्रदान गर्ने, शिक्षा दिने, सामाजिक परिवर्तन ल्याउन मद्दत गर्ने विधा हो । त्यसैले उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई उद्देश्य वा सारवस्तु भनिन्छ । उपन्यासमा चित्रित जीवन जगत्को दर्शन नै उपन्यासको उद्देश्य हो । पाठकलाई आनन्द दिनुका साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षित वा सन्देश दिनु तथा मनोरञ्जन दिनु नै उपन्यास लेखनको उद्देश्य हो । यसरी हेर्दा विषयलाई गहनता र विस्तृति दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन अथवा जीवन दर्शनको रूपमा मूल्याङ्कित गर्ने काम उद्देश्यले गर्दछ ।

पूर्वीय तथा पाश्चात्य समालोचकहरूले शैक्षिक, धार्मिक, नैतिक तथा आनन्द प्राप्तिलाई साहित्यको प्रयोजन मानेको पाइन्छ । प्रयोजन बिनाको कल्पनाले औपन्यासिक रूप लिन सक्दैन । उपन्यासकार आफ्नो कृतिद्वारा पाठकहरूलाई कस्तो सन्देश दिन चाहन्छ, उपन्यासका प्रमुख समस्या कुन–कुन हुन् र तिनीहरूको विवेचना र समाधान कुन ढङ्गले गरिएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ, त्यसैलाई उद्देश्य भनिन्छ । उद्देश्य वा जीवनदर्शन कलात्मक र अप्रत्यक्ष किसिमले व्यक्त भएको हुनुपर्दछ । सत्यको चित्रण गर्दा कति ठाउँमा नगन सत्यको चित्रण हुन पुग्छ तसर्थ सन्देश पक्ष प्रचारात्मक शैलीमा होइन, अप्रत्यक्ष रूपमा कलात्मक एवम् आकर्षक बनाएर प्रस्तुत गर्नु आवश्यक हुन्छ । युगसापेक्ष मापदण्डलाई लिएर जीवन मूल्यको अभिव्यक्ति दिन उपन्यासकार तत्पर रहनुपर्छ । ध्यानमा चाहिँ के राख्नु पर्छ भने नैतिक पक्ष प्रचारात्मक नहोस् अपितु व्यङ्ग्य होस् (उपाध्याय, २०४९ : १७७) ।

यसरी कुनै पनि उपन्यासकारले उपन्यासको रचना गरिसकेपछि वा गर्नु भन्दा पहिले मैले यो उपन्यास यो प्रयोजन वा उद्देश्यको लागि लेख्दैछु भन्ने कुराको ख्याल राखेको हुन्छ र सोही उपन्यास मार्फत आफ्ना विचार प्रस्तुत गर्दछ । त्यसैलाई उपन्यासको उद्देश्य भनिन्छ ।

## २.२.६ भाषाशैली

भाषा र शैली दुवै शब्दहरूको समस्त रूपलाई भाषाशैली भनिन्छ । भाषा मानवीय सञ्चार एवम् साहित्यिक अभिव्यक्तिको माध्यम हो । व्यक्तिहरू बिच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५० : १) । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । उपन्यास यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । कथ्य विषयलाई पाठक समक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सामग्री उपन्यासकारसँग भाषा बाहेक अरु केही हुँदेन । विविध पात्र, घटना तथा दृश्य पात्र आदि नाटकमा जस्तो उपन्यासमा सोझै देख्न सकिँदैन किनभने उपन्यासमा ती चिजहरू भाषाका माध्यमद्वारा नै चित्रित हुन्छ ( बराल, एटम, २०६६ : ३९) ।

शैली भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको निजी तरिका हो । उपन्यासकारको निजत्वको विशिष्ट रूप नै शैली हो । जसमा भाषिक एकाइको सौन्दर्य बोधक समुच्य हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०५९ : ३) । शैलीलाई छुट्टै तत्त्वका रूपमा चर्चा गर्न सकिए तापनि भाषा र शैली बिचको अभिच्छेद्य सम्बन्धका आधारमा यिनीहरूलाई छुट्टाछुट्टै तत्त्वका रूपमा नलिएर एक अर्काको पूरक तत्त्वका रूपमा लिइएको छ । भाषाशैली अन्तर्गत शब्द विन्यास, वाक्य रचना जस्ता कुराहरू पर्दछन् । उपन्यासलाई रोचक र आकर्षक तुल्याउन विचारको गहनता, अर्थको स्पष्टता हुने खालको भाषाशैली प्रयोग हुनु आवश्यक छ । अनाकर्षक शैली दुर्बोध भाषाले उपन्यासलाई प्रभावपूर्ण बनाउन सक्दैन साधारण चल्तीको भाषा

संस्कृत तत्सम प्रधान भाषा, अलङ्कृत भाषा आदि खालका भाषा उपन्यासमा प्रयोग हुन सक्छ (थापा, २०५० : १२५) ।

यसरी उपन्यासमा भाषाशैली भन्नाले उपन्यासकारले व्यक्त गर्न खोजेको विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यम र तरिका भन्ने बुझिन्छ । यस भित्र व्याकरणिक एकाइ, हिज्जे, उखानटुक्का, विभिन्न भाषाका शब्दहरू पनि पर्दछन् । तिनका आधारमा भाषाका माध्यमबाट उपन्यासकारले उपन्यासको रचना गर्दछन् ।

## २.४.७ निष्कर्ष

उपन्यास आख्यानात्मक विधा हो । यो साहित्यका विविध विधाहरूमध्ये नवीन विधा पनि हो । यसलाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ–आफ्नै तरिकाले उपन्यास शब्दलाई अर्थ्याएका छन् । मूलतः नेपालीको उपन्यास शब्द अङ्ग्रेजीमा प्रचलित नोभल शब्दको पर्यायवाची शब्दको रूपमा आएको देखिन्छ । पूर्वीय मान्यताका आधारमा 'उपन्यास' शब्दको व्युत्पत्तिलाई हेर्दा 'उप' र 'नि' उपसर्ग लागेको 'अस्' धातुमा 'धञ' प्रत्यय (उप+नि+अस्+धञ) लागेर बनेको देखिन्छ । अङ्ग्रेजीमा इटाली भाषाको Novel बाट Novel शब्दको निर्माण भएको देखिन्छ । उपन्यासलाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले परिभाषित गरेका छन् । साहित्यका अन्य विधाहरू जस्तै नाटक, कविता, कथा जस्तै उपन्यासको पनि आफ्नै स्वरूप हुन्छ । विभिन्न अवयवहरू मिलेर यसको स्वरूप निर्माण भएको हुन्छ । जीवनजगत्को सम्पूर्ण अनुभूतिहरूको चित्रण हुन्छ । गद्यात्मक, बृहत् आख्यानात्मकता उपन्यासको स्वरूप हो । यसले जीवनको यथार्थलाई व्यापक र विस्तृत रूपमा हेर्दछ । उपन्यास आफैँमा अस्तित्व भएको एक पूर्ण रचना हो । विभिन्न संरचक अवयवहरूको समिश्रणबाट यसको निर्माण हुन्छ । मानव शरीरको बनावटका लागि जसरी विभिन्न अङ्गहरूको आवश्यकता हुन्छ उपन्यास बन्न पनि विभिन्न तत्त्वको आवश्यकता पर्दछ । उपन्यास संरचना विभिन्न तत्त्वहरूको संयोजन हुन्छ । जसको समुचित प्रयोग र अन्तरमिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ । उपन्यासका तत्त्वहरू कथानक, चरित्र, संवाद, देश, काल र वातावरण, उद्देश्य, भाषाशैली, दृष्टिबिन्दु आदि हुन्छन् ।

# परिच्छेद तीन

# विधातत्त्वका आधारमा 'प्रेम' उपन्यासको विश्लेषण

## ३.१ विषय परिचय

**प्रेम** (२००५) उपन्यासकार रुद्रराज पाण्डेद्वारा लिखित आदर्शोन्मुख सामाजिक यथार्थवादी उपन्यास हो । आधुनिक नेपालीउपन्यासको पहिलो चरणमै देखापरेको आदर्शोन्मुख यथार्थवादी धारामै रहेर लेखिएको प्रस्तुत उपन्यास यस शोधकार्यमा उपन्यासका मानक तत्त्व अर्थात् कथानक, चरित्र चित्रण, दृष्टिबिन्दु, परिवेश, सारवस्तु र भाषाशैलीका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.२ 'प्रेम' उपन्यासको शीर्षक विधान

शीर्षक कृतिको नामाकरण हो । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूका संयोजनद्वारा भएको हुन्छ र समष्टिमा सिङ्गो कृतिलाई चिनाउने शीर्षकको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शीर्षक र कृतिमा घनिष्ट अन्तरसम्बन्ध हुने हुनाले कृति विश्लेषणका क्रममा सर्वप्रथम सम्बन्धित कृतिको नामाकरण सम्बन्धी अध्ययन गर्नु आवश्यक देखिन्छ ।

शीर्षक कृतिको केन्द्रीय अभिव्यक्ति पनि हो । विवेच्य उपन्यासलाई **प्रेम** नाम दिइएको छ । प्रेम शब्द विश्लेषण शब्द हो । प्रेम शब्दले माया प्रेम भन्ने बुझाउँछ । यस उपन्यासमा प्रेम सहायक नारी पात्रको नाममा प्रयोग भएको छ । उपन्यासकारले यस उपन्यासमा सहायक नारी पात्रको नामबाट भन्दा पनि प्रेम शब्दलाई परिवारमा हुने विभिन्न सम्बन्ध अनुसार एकले अर्कालाई गर्ने प्रेम जस्तै : आमाले छोरालाई, बाबुले छोराछोरीलाई, श्रीमान्ले श्रीमतीलाई, जेठानीले देउरानीलाई, हजुरआमाले नातिलाई गर्ने प्रेमको सम्बन्ध देखाउन खोजिएको छ । युवा अवस्थामा नारी पुरुष एकअर्काप्रति गर्ने प्रेमको झल्को पनि यहाँ आएको छ । त्यसकारण यस उपन्यासको

शीर्षक प्रयोजनमूलक नै देखिन्छ । समयअनुसार परिवारमा एकले अर्काप्रति प्रेम गर्नु पर्छ वा माया गर्नु पर्छ । परिवारका हरेक सदस्यहरूलाई एक अर्काप्रति सद्भाव, माया, प्रेम भएन भने परिवारमा शान्ति हुँदैन अर्थात् परिवारमा अनुकूल वातावरण बन्दैन । जसको कारण परिवार नै लथालिङ्ग हुन्छ, भताभुङ्ग हुन्छ भन्ने देखाउन खोजिएको छ । उपन्यासमा शीर्षक र कृतिबीच परिपूरक अन्तरसम्बन्ध भएको र विषयवस्तुका नामबाट पनि शीर्षक राख्न सकिन्छ भन्ने मान्यता अनुरूप नै प्रेम शीर्षक विषयवस्तुलाई आधार बनाएर राखिएको हुँदा यसको नामाकरण वा शीर्षक विधान औचित्यपूर्ण र सार्थक नै देखिन्छ ।

## ३.३ संरचना

साहित्यका विविध विधाहरूमध्ये उपन्यास पनि एउटा महत्त्वपूर्ण आख्यानात्मक विधा हो । साहित्य भाषाका माध्यमबाट मानवमनका विचार, धारणा वा अनुभूतिहरूको अभिव्यक्ति हो भने त्यसैको एक विधाको रूपमा रहेको उपन्यासमा पनि उपन्यासकारले आफ्ना विचार, धारणा वा अनुभूतिहरूलाई प्रकट गरेको हुन्छ । तर उपन्यासकारले आफ्ना यी विचार वा अनुभूतिहरूलाई घटना र पात्रहरूको अन्योन्याश्रित सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई उपन्यासको आकार प्रदान गर्दछ। यही आकार नै उपन्यासको संरचना हो । यसो भन्दा उपन्यासको रूप र संरचना एउटै हो भन्ने भ्रम सिर्जना हुन पुग्दछ तर वास्तविकता त्यो होइन । संरचना र रूपका बीच कार्य र फलको सम्बन्ध रहेको हुन्छ । विभिन्न तत्त्वहरूको सङ्गठन कार्य संरचना हो भने रूप त्यसको परिणाम वा निष्कर्ष हो । संरचनाको अर्थ कुनै वस्तुका आन्तरिक तथा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो (बराल, २०५६ : २०) । यसरी हेर्दा संरचनाको आन्तरिक बाह्य गरी दुई वटा स्वरूप रहेको पाइन्छ । त्यसैले उपन्यासको बाह्य र आन्तरिक गरी दुईवटा संरचना रहेको हुन्छ । यहाँ विश्लेष्य उपन्यास प्रेमको आन्तरिक र बाह्य संरचनाको अध्ययन गरिन्छ :

### ३.३.१ बाह्य संरचना

कृतिको बनोटलाई बाह्य संरचना भनिन्छ । बाहिरबाट सर्सर्ती हेर्दा उपन्यासको जे जस्तो स्वरूप देखिन्छ त्यो नै बाह्य संरचना हो । यस अन्तर्गत कृतिको आयाम, परिच्छेद योजना, अनुच्छेद योजना, पङ्क्ति योजना जस्ता कुराहरू पर्दछन् । **प्रेम** उपन्यासको बाह्य संरचनालाई हेर्दा यसलाई मध्यम आकारको कृतिको रूपमा लिन सकिन्छ । **प्रेम** उपन्यासको बाह्य संरचना सबल छ । उपन्यासलाई परिच्छेदमा विभाजन गरिएको छ । साना ठूला गरी २७ परिच्छेद छन् । परिच्छेदगत आयामका दृष्टिले सबैभन्दा सानो परिच्छेद ४ पृष्ठको छ भने सबै भन्दा ठूलो परिच्छेद १४ पृष्ठको छ । अरु परिच्छेदहरू ज्यादै लामा र छोटा नभएर ठीकठीकै खालका छन् । विभिन्न छुट्टाछुट्टै प्रसङ्गका घटनालाई जोडिएको छ । एक परिच्छेद अर्को परिच्छेद बीचको सम्बन्ध त्यति मिलेको देखिँदैन । उपन्यासकारले आफूले तत्कालीन नेपाली समाजमा देखेका कुराहरूलाई टपटप टिपेर सामाजिक यथार्थको रूप देखाएका छन् र आदर्शको पाठ पनि सिकाएका छन् ।

### ३.३.२ आन्तरिक संरचना

आन्तरिक संरचना भनेको उपन्यासको बुनोट हो । ग्रहण गरिएको विषयवस्तुलाई उपन्यासकारले के कसरी व्यवस्थापन गरेको छ भन्ने कुरा नै उपन्यासको आन्तरिक संरचना हो (श्रेष्ठ, २०६० : ४४) । **प्रेम** उपन्यासको आन्तरिक संरचनाको रूपमा रहेको मुख्य सन्दर्भ भनेको चुच्चेले धारामा गई लुगा भिजाइरहने, आमाले जति सम्झाउँदा पनि नमान्ने, आमा वनबेली छोराको चक्चके बानी देखेर वाक्क हुन्छे । प्रस्तुत उपन्यास चुच्चेकै खराब चारित्रिक विशेषताबाट प्रारम्भ भएको छ र ऊ सेनामा भर्ती भई युद्धमा लड्दालड्दै वीरगति प्राप्त गरी मृत्यु वरण गरेको घटनामा गई अन्त्य भएको छ ।

काठमाडौँको मध्यमवर्गीय परिवारमा चुच्चेको बाल्यावस्थामा ऊ हराएको प्रसङ्ग विविध पात्रको परिचय, चुच्चेलाई पुड्केलाई कुटी भाग्दा लरीले किचेको,

भुवनले उद्धार गरेको प्रसङ्ग, भुवनले चुच्चेलाई घरमा पुऱ्याएको र त्यहाँ रजहाँस र ठोटरीसँग भुवनको आँखा जुधेको प्रसङ्ग, भुवन उनीहरूप्रति आकर्षित भएको छ । भुवनका मनमा खेलेको उतारचढावहरू भुवन चुच्चेको घरमा आउने थाहा पाई ठोटरी र रजहाँसले मनमा कुरा खेलाउनु, सेतुको तराई सरुवा हुनु, रजहाँस र ठोटरीले भुवन आउँछ भन्दै कुर्नु । भुवन र उपेन्द्रको छाउनीमा भेट भई प्रेम सम्बन्धी कुरा गर्दछन् । भुवन चुच्चेको घरमा जाने कि न जाने भनि विचारमा पर्नु, चिरबिरिले सानो छँदा सेतुलाई पालेकी काकीको बेवास्ता गर्नु, भुवनको घरमा चुच्चे पढ्न जानु, सेतु र प्रेम बीचमा कलकत्ता पढ्न जाने कि नजाने भन्ने विषयमा छलफल हुनु र अन्त्यमा पढ्न जानु, सेतु काठमाडौं फर्कनु, भुवनले कलकत्तामा राम्रोसँग पढ्नु, यता चुच्चे झन बिग्रनु, भुवन पढाइ सिध्याएर घर फर्किनु, बज्रयोगिनीबाट फर्कदा दुर्घटनामा पर्नु, प्रेमले उद्धार गर्नु, चुच्चेले चमेलीलाई भगाएर दार्जिलिङ्ग पुऱ्याउनु, त्यहाँ पैसा हुँदासम्म मोजमस्ती गर्नु तर पैसा सिद्धिएपछि चमेलीले वास्ता गर्न छाड्नु र सेनामा भर्ना हुनु । चुच्चे पनि सेनामा भर्ती हुन्छ र वीरगति प्राप्त गर्दछ ।

चुच्चेको घटनालाई मुख्य घटना बनाएर अन्य सहायक कथानक बीचबीचमा ल्याइएको छ । प्रस्तुत उपन्यासमा एउटै केन्द्रीय विचार पाइँदैन । चुच्चेको उपद्रयाह बानीको विषयवस्तु मुख्य रूपमा आएको छ । र त्यसैलाई मुख्य विषयवस्तु बनाई उपन्यासको आख्यानीकरण गरिएको छ ।

## ३.४ उपन्यासका तत्त्व

उपन्यास आफैमा अस्तित्व भएको एक पूर्ण रचना हो । विभिन्न प्रकारका संरचक अवयवहरूको सम्मिश्रणबाट यसको निर्माण हुन्छ । मानव शरीरको बनावटका लागि जसरी विभिन्न अङ्गहरूको आवश्यकता हुन्छ । उपन्यास बन्न पनि विभिन्न तत्त्वको आवश्यकता पर्दछ । उपन्यास रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ । जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ । **प्रेम** उपन्यासका तत्त्वहरूलाई दुई प्रकारमा विभाजन गरी तल अध्ययन गरिएको छ ।

### ३.४.१ उपन्यासका स्थूल तत्त्व

#### ३.४.१.१ कथानक

**प्रेम** उपन्यासमा समाजमा हुने विभिन्न प्रकारका प्रेम सम्बन्ध, व्यवहार, परम्परा र सामाजिक मान्यताको उचित संयोजन गरी नैतिक आदर्श स्थापनाका लागि कथानक तयार पारिएको छ । राणाकालको पश्चवर्ती र प्रजातन्त्र प्राप्तिको पूर्ववर्ती नेपाली समाजबाट कथानक लिइएको छ । तत्कालीन अशिक्षित र शिक्षित मध्यमवर्गीय नेपाली समाजको चित्रण गरेर त्यस समाजका व्यथा वेदना, हाँसो, खुसी, रोदन आँसु, हर्ष, विस्मात् आदिमा कथानक अगाडि बढेको छ ।

झलक वनबेली र रजहाँसको काठमाडौँको पारिवारिक वातावरणमा चुच्चेको बाल्यावस्थाबाट कथानकको प्रारम्भ हुन्छ । बालपात्र चुच्चे धारोमा गएर पानीसँग खेलेको कुराबाट आमा वनबेली दिक्क भई छोरालाई झपार्छिन् । पाँच वर्ष मात्र पुगेको चुच्चे आफूलाई मन लागेको कुरा गर्न किन नपाउनु भन्ने कुराबाट उदेक मान्दछ । एकदिन चुच्चे पुड्केसँग खेल्दाखेल्दै पुड्केलाई कुटी भाग्दछ । त्यसरी भागेर हिँड्दाहिँड्दै लरीले किचेर घाइते हुन्छ । घाइते भएको चुच्चेलाई भुवनले उठाई अस्पताल पुऱ्याउँछन् । उपचार गरी चुच्चेलाई घरमा लगिदिन्छन् । चुच्चेको घरमा भुवन जाँदा चुच्चेकी सौतेनी आमा रजहाँस र माइलीआमा ठोटरीले मन पराउँछन् भुवन पनि उनीहरूप्रति आकर्षित हुन्छ ।

जेठा बुढा र वनबेलीको स्याहार सुसारले चुच्चेलाई चाँडै निको हुन्छ । चुच्चेका घरपरिवार सबैले भुवनलाई चुच्चेलाई ल्याइदिएकोमा धन्यवाद दिन्छन् र चुच्चेलाई पढाइदिन अनुरोध गर्दछन् । उता भुवनलाई देखेपछि चुच्चेकी सौतेनी आमाले चुच्चेलाई माया गर्न थाल्दछे । उसको स्वभाव बदलिएको देखेर चुच्चेको बाबु झलक सिंहमा शङ्का उत्पन्न हुन्छ । त्यसैबीच चुच्चेलाई भुवनकहाँ पढ्न पठाइन्छ । भुवनसँग पढदा चुच्चेको बानी व्यवहारमा परिवर्तन आउँछ । केही दिन पछि भुवन डिस्टिङ्सनका साथ परीक्षा उत्तीर्ण हुन्छ । एम.ए. पढ्न कलकत्ता विश्वविद्यालय गएर भूगोल विषयमा भर्ना हुन्छ ।

त्यसै समयमा चुच्चेको साँहिलो बुवा सेतु आफ्नो छोरी प्रेमलाई पनि पढाउनु पर्ने कुरा गर्दछ । प्रेमले म्याट्रिकुलेसन परीक्षा पास गर्छे । सेतु घर विदा मिलाई छोरीलाई लिएर कलकत्ता लान्छ र विश्वविद्यालयमा भर्ना गरिदिन्छ । प्रेम त्यहाँ बस्दा रहँदा उसको उपकारी भावनाले सबैले गुणगान गाउँदछन् । भुवन कलकत्ता गएपछि चुच्चेलाई स्कुलमा भर्ना गरिदिन्छ । उसको बानीमा कुनै फरक आउँदैन । मास्टर साथीहरू र बाटामा देखापर्ने जोसुकैसँग पनि ऊ उट्पट्याङ्ग गर्दछ । सरले घोक्न दिएको पाठ नघोकेकाले सरको कुटाइ खान्छ । उसले आफ्ना स्कुलका साथी द्रव्यरत्न, चन्द्र, बलबहादुर, लीलामान सबैलाई आफ्नो अनुकूल बनाइरहेको हुन्छ । स्कुल गएको बेला स्कुलमा नपढी बाग्मती, डाँडाखुले, खाबबहाल जाने कवाफ खाने, सर्बत खाने जस्ता नराम्रा कुरामा लागेको हुन्छ । घरमा पैसा माग्न आउँदा बाटैबाट मान्छेलाई फर्काउने काम गर्दछ । यस्तो स्वभाव देखि सौतेनी आमा रजहाँस रिसाउँदछे ।

भवन कलकत्तामा पढाइ सकेर घरमा काठमाडौँ आउँछ । एम.ए. प्रथम श्रेणीमा पास भई स्वर्णपदक पाएकोले समाज विश्वविद्यालय र साथीहरूको आदर्श बन्दछ । बज्रयोगिनी माइको जात्रा हेर्न भुवन र मदन गएका हुन्छन् । त्यहाँ भुवनलाई कुकुरले अल्मल्याएर लड्दा निधारमा चोट लागेर बेहोस हुन्छ । त्यहीँनिर प्रेमले भुवनलाई चोट लागेको देखि आफ्नो पटुको च्याति पट्टी बाँधिदिन्छे र आफ्नो बाटो लाग्दछे । भुवनहरू पनि आफ्नो बाटो लाग्दछन् । तर भुवनका मनमा आफ्नो उपकार गर्ने ती स्त्री को हुन्, तिनको घर कहाँ हो ? कस्की छोरी हुन् ? देख्दा शिक्षित जस्तो लाग्यो भनेर मदनसँग भन्दछ र मदनलाई ती महिलासँग भेट गराउन आग्रह गर्दछ ।

चुच्चेले चित्तु साहुका गई तीनवटा असर्फी मागी बाबुले लिन पठाएको भनी त्यहाँबाट भाग्दछ र चन्द्र लामाकी छोरी लिएर दार्जिलिङ्गतिर हिँडिसकेको हुन्छ । चित्तु साहुकाबाट  ठगेको औँठी बेचेर आएको पैसाले केही समय मोजमस्ती गर्न थाल्दछ । जब ऊसँग पैसा सिद्धिन थाल्दछ चमेलीले पनि वास्ता गर्न छोड्दछे । चमेली आफू सेनामा भर्ती हुन्छे, त्यो देखेर चुच्चे पनि सेनामा भर्ती हुन्छ । र युद्धमा वीरगति प्राप्त गर्दछ ।

पत्रिकावालाले “चक्रबहादुरको अभूतपूर्व वीरता ! संसारले जिब्रो टोक्यो ! जर्मनका फौज छ्यान्न ब्यान्न मृत्यु” (पृ. २१२) भन्दै चिच्याइरहेको हुन्छ । अखबारमा छापिएको तस्विर चुच्चेको भएको सबैले ठहर गर्दछन् । भुवन पत्रिका लिएर चुच्चेको घरमा जान्छ । उता प्रेम पनि चुच्चेको अखबारमा युद्धमा लड्दालड्दै मृत्यु वरण गरेको सुनेर नराम्रो मान्छेले पनि अवसर पायो भने आफूलाई अरुको उपकारको निम्ति समर्पण गर्न तयार हुन्छन् र समाजमा आफ्नो नाम कमाउँछन् भन्दछे, त्यो घरबाहिर भुवनले सुनेको हुन्छ । प्रेम बाहिर निस्कन्छे भुवनसँग आँखा जुद्धछन् र ऊ आफ्नो बाटो लाग्दछे । यसै घटनाबाट प्रेम उपन्यासको कथानक अन्त्य हुन्छ ।

**प्रेम** उपन्यास सुरुदेखि अन्त्यसम्म लिसिलेवार मिलेको रैखिक ढाँचामा लेखिएको उपन्यास हो । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व प्रबल देखिन्छ । बाह्य द्वन्द्वमा चुच्चेको माइली आमा ठोटरले घर परिवारसँग गरेको द्वन्द्व र चमेलीले सेतुसँग गरेको द्वन्द्व जस्ता द्वन्द्व छन् भने आन्तरिक द्वन्द्वमा वनबेलीले आफ्नो छोरा कसरी सुधिन्छ छोराको भविष्य कस्तो हुन्छ होला पढ्न पठाउँदा ठीक हुने हो कि होइन भन्ने कुरामा मनमा कुरा खेल्दछ । रजहाँसलाई भुवनलाई देखेपछि उसका मनमा अनेक किसिमका विचारहरू खेल्छन् । भुवनलाई पनि रजहाँस र ठोटरीलाई देखेपछि परस्त्रीप्रति मोहित हुने कि नहुने आफ्नो जीवनको लक्ष्य के हो भन्ने विभिन्न किसिमका विचारहरू आउँदछन् । फेरि उपन्यासको अन्त्यमा बज्रयोगिनीमा देखेकी युवतीका बारेमा पनि उसका मनमा कुरा खेल्दछन् । यसरी **प्रेम** उपन्यासमा द्वन्द्व पक्ष पनि आएको देखिन्छ ।

**प्रेम** उपन्यासको कथानकको स्रोत वि.सं. २००५ वरिपरिको सामाजिक यथार्थ रहेको छ । तत्कालीन समाजका रीतिरिवाज, चालचलन, रुढीवादी संस्कृति र शैक्षिक अवस्थालाई विभिन्न पात्रहरूको माध्यमबाट प्रस्तुत गरिएको छ । समाज यस्तो छ तर यस्तो हुनुपर्छ भन्ने आदर्श परिकल्पना पनि गरिएको पाइन्छ ।

**प्रेम** उपन्यासको कथानकमा धेरै भिन्न भिन्न प्रसङ्गका कथानक भए पनि सुरुदेखि अन्त्यसम्म चुच्चेको चारित्रिकताले घटना अगाडि बढेको छ । त्यसले यसको कथानक परिपूर्ण देखिन्छ । यहाँको विन्यस्थ र स्थूल कथावस्तुले आङ्गिकपूर्णता प्राप्त


गर्नुका साथै मध्यम आयामलाई समेटेको छ । यस उपन्यासको कथानक मुख्यतः चुच्चेको उपद्रयाहा बानी, उसप्रति आमा ठूलो बा, बाबु र सौतेनी आमाको व्यवहारसँग सम्बद्ध छ । उपन्यासको कथानक सिलसिलेवार रूपमा अगाडि बढेको देखिन्छ । यस उपन्यासको आखयानिक संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **कथानकको आङ्गिक विकास** | **फेटागका अनुसार कथानकको विकासक्रम** | **प्रेम उपन्यासबाट तथ्याङ्क** |
|---|---|---|
| १. आदि (एक परिच्छेददेखि दोस्रो परिच्छेद सम्म) वा पृष्ठ १–९ सम्म | (अ) आरम्भ (चिनारी) एक परिच्छेददेखि दोस्रो परिच्छेदसम्म) | (क) चुच्चे धारामा गई पानी खेलाउनु र कपडा भिजाउनु, चुच्चेको उपद्रयाहा बानीबाट वाक्क भई वनबेली आफ्ना सङ्गीसाथहिरूसँग आफ्नो पीडा पोख्नु, (ख) चुच्चे मण्डली बनाएर गाउँमा डुल्न लाग्नु । |
| | सङ्घर्ष विकास (प्रथम सङ्कटावस्था) तेस्रो परिच्छेददेखि पच्चीसौं परिच्छेदसम्म | (क) पुड्के कुन्युमा पुरिनु, चुच्चे भाग्नु, (ख) चुच्चेको पारिवारिक सदस्यहरूको परिचय (ग) चुच्चेको खोजी हुनु, (घ) भुवनले चुच्चेलाई मोटरमा ल्याई घर पुऱ्याएदिनु, (ङ) भुवन रजहाँस र ठोटरीको आँखा जुध्नु (च) भुवनलाई चुच्चेको घरमा गएदेखि मनमा चैन नहुनु, |

| | | |
|---|---|---|
| | | (छ) रजहाँस भुवनलाई देखेपछि चुच्चेप्रति गर्ने व्यवहार परिवर्तन हुनु,<br>(ज) रजहाँस भुवनलाई देखेपछि चुच्चेप्रति व्यवहार परिवर्नन हुनु,<br>(झ) सेतु काठमाडौँ छोडी तराईको कटहरवन जानु,<br>(ञ) भुवन चुच्चेलाई पढाउन थाल्नु,<br>(ट) भुवनको घरमा रजहाँसले चुच्चेलाई लिएर जानु,<br>(ठ) सेतु काठमाडौँ घुम्न आउनु,<br>(ड) भुवनले पढाइमा प्रगति गर्नु र बहिनीबाट धेरै पढ्नु पर्दछ भन्ने सल्लाह पाउनु,<br>(ढ) सेतुको गृहकलहले दिनप्रतिदिन नराम्रो रूप लिनु, सेतुले छोरीलाई उच्च शिक्षा पढाउन कलकत्ता लिएर जानु,<br>(ण) भुवनले कलकत्ता पढ्न जानु, कलकत्तामा पढ्न जाँदा त्यहाँ नेपाली साथीहरू पढ्न भन्दा अरु कुरामा मोजमस्ती गरेको प्रसङ्ग,<br>(त) भुवन कलकत्ता पढ्न गएपछि चुच्चेलाई स्कुलमा भर्ना गरिन्छ,<br>(थ) भुवन कलकत्ता गएदेखि चुच्चे झन् बिग्रँदै जानु, चोरी गर्नु, चित्तु |

| | | |
|---|---|---|
| | | साहुकहाँबाट औँठी ठगी चन्द्र लामाकी छोरी चमेलीलाई लिएर दार्जिलिङ्ग तिर भाग्नु । |
| २. मधय (छब्बीसौँ परिच्छेद) | (इ) अन्य सङ्कटावस्था र चरम (छब्बीसौँ परिच्छेद) पृ. २०६–२११) | (क) चमेलीसँग खटपट भई चुच्चे सेनामा भर्ना हुनु,<br>(ख) घरमा चुच्चेको खोजी हुनु,<br>(ग) चित्तु साहुले चुच्चेको सम्पत्तिबाट भए पनि आफूलाई चुच्चेले ठगेको पैसा असुल हुनुपर्ने माग राख्नु । |
| ३. अन्त्य (सत्ताइसौँ परिच्छेद) पृ. २१२–२२७ सम्म | (ई) अपकर्ष वा सङ्घर्ष ह्रास | (क) सेनामा भर्ना भई युद्धमा लड्नु । |
| | उपसंहार वा फल प्राप्ति | (क) युद्धमा लड्दा लड्दै वीरगति प्राप्त गर्नु,<br>(ख) चुच्चेको नाम चक्रबहादुरका नाममा परिणत भई अखबारमा छापिनु,<br>(ग) चुच्चेका घरका सबैले उसको नाम अखबारमा पढी अन्त्य अवस्थामा राम्रो काम गरेकाले खुसी हुनु । |

कथानकको विकासक्रमका यी पाँच अवस्थालाई फ्रेटागको पिरामिडमा यसरी देखाउन सकिन्छ :




सङ्केतहरू :
१. आरम्भ
२. सङ्घर्ष विकास
३. चरम
४. सङ्घर्ष ह्रास
५. उपसंहार
-- कथानकको विकासको गति

माथिको तालिकाको प्रथम लहरमा कथानकको आङ्गिक विकासक्रम आदि, मधय र अन्त्यलाई राखेर सो अनुसार उपन्यासलाई विभाजन गरेर देखाइएको छ । उक्त लहरका कोष्ठ चिह्न भित्र वा परिच्छेद र पृष्ठ सङ्ख्याले उपन्यासको आदि, मध्य र अन्त्य भागलाई देखाएका छन् । तालिकाको दोस्रो लहरमा जर्मन समालोचक गुस्ताव फ्लुवर्ट फ्रेटागले देखाएका कथानकको विकासक्रमलाई राखिएको छ । जसअनुसार रैखिक ढाँचामा विकसित आख्यानात्मक कृतिको कथानकको आदि मध्य भाग र अन्त्य वा चरम र उपसंहार गरी कथानकको घटना शृङ्खला उल्लेख्य गरिएको छ ।

## ३.४.१.२ चरित्र र चरित्र चित्रण

रुद्रराज पाण्डेको **प्रेम** उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । नेपाली समाजका विभिन्न वर्ग, तह र तप्काका व्यक्ति चरित्रहरू र भर्खर शिक्षाको आवश्यकता ठानिएको समाजको चित्रण उपन्यासमा गरिएको छ । विषयवस्तुलाई सुसङ्गठित गर्न विभिन्न किसिमका पात्रहरू आएका छन् । माथिको चरित्रचित्रणका विभिन्न आधारहरूमा रहेर **प्रेम** उपन्यासका चरित्रहरूको अध्ययन गर्न सकिन्छ :

### १. चुच्चे

चुच्चे झलक खड्का र वनबेलीको एकमात्र छोरो हो । ऊ उपन्यासको प्रमुख नायक पात्र हो । उसकै बाल्यकालदेखि किशोरावस्थासम्मको जीवन चरित्रमा उपन्यासको घटना अगाडि बढेको छ । ऊ सुरुदेखि अन्त्यसम्म नै आएको छ । उपन्यास उसकै चारित्रिक विषेशतामा अगाडि बढे.को छ । चुच्चे सानैदेखि उपद्राहा स्वभावको हुन्छ । उसकी आमा र ठूलो बाबाको माया र प्रेरणाले हुर्किन्छ तर बाबुको

माया र प्रेरणा नपाएकाले ऊ जति ठूलो हुन्छ त्यति बिग्रदै जान्छ । खराब सङ्गत र घरको रेखदेख नपाएकोले ऊ घरबाट भागेर हिँड्छ । लरीको ठक्करबाट घाइते हुन्छ । घाइते भएपछि भुवनले अस्पताल पुऱ्याउँछ । पछि उसलाई भुवनले पढाउँछ । भुवनले पढाउँदासम्म ऊ सुधिन्छ । त्यतिबेला सौतेनी आमाको र बाबुको माया पनि पाउँछ तर फेरि भुवन कलकत्ता गएपछि ऊ बिग्रन थाल्दछ ।

नराम्रो सङ्गत र उचित अभिभावकत्व नपाए बिग्रिएको पात्रको रूपमा चुच्चे यस उपन्यासमा आएको छ । ऊ कुलतको सिकार भएपछि बौद्धमा गएर केटी जिस्क्याउने र त्यहीँबाट चमेलीलाई भगाएर दार्जिलिङ्ग पुगेपछि सेनामा भर्ती भई विश्वयुद्धमा लड्दछ । उसले शत्रुपक्षका सेनाहरूलाई छ्यान्न ब्यान्न पारेर मृत्युवरण गरी वीरगति प्राप्त गर्दछ । त्यो समाचार पत्रिकामा तस्विरसहित प्रकाशित हुन्छ । यसरी सुरुमा खराब चरित्रका रूपमा आए पनि अन्त्यमा सत् चरित्रका रूपमा आएको छ ।

(क) लिङ्गका आधारमा चुच्चे पुलिङ्गी पात्र हो । उपन्यासकै सुरुमा "यी बाबु त पानीको मूलै परेका रहेछन् भने बाट र ठूलो भएपछि केटी जिस्क्याउने काम गरेकोले ऊ पुरुष पात्र हो ।

(ख) कार्य भूमिकाको आधारमा चुच्चे प्रमुख पात्र हो । उपन्यासको सुरुवात नै उसबाट भएको छ र उसकै केन्द्रीयतामा घटना अगाडि बढेको छ । उपन्यासको नायक नै नभए पनि उसको भूमिका प्रमुख नायकको जस्तै छ । उपन्यासमा सबै भन्दा बढी कार्यमूलक उसकै रहेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म धेरै पटक उसको भूमिका रहेको छ । त्यसैले चुच्चे यस उपन्यासको प्रमुख पात्र हो ।

(ग) प्रवृत्तिका आधारमा चुच्चे उपन्यासको सुरुमा प्रतिकूल र चमेलीलाई भगाएर दार्जिलिङ्ग लगेपछि चमेली सेनामा भर्ना भएको देखि ऊ पनि सेनामा भर्ना भएपछि अनुकूल चरित्रका रूपमा देखापरेको छ । बालक छँदा परिवारको माया ममताले वञ्चित भएर प्रतिकूल बन्न पुगेको र

पछि काम गर्नु पर्छ भन्ने भावना जागृत भई पहिलेको आनीबानीमा सुधार आएको छ । सुरुमा प्रतिकूल र पछि अनुकूल चरित्रका रूपमा चुच्चेको उपस्थिति रहेको छ ।

(घ) स्वभावका आधारमा चुच्चे गतिशील पात्र हो । बाल्यकालमा उपद्रयाहा स्वभावको चुच्चे युवा अवस्थामा सुध्रिएको छ । त्यसैले ऊ गतिशील चरित्र हो । बाल्यकालमा घर परिवारको उचित माया, ममता नपाएकोले बिग्रिनु तर पछि सेनामा भर्ती भई वीरगति प्राप्त गर्न सफल हुनुले उसलाई गतिशील पात्र हो भन्न सकिन्छ ।

(ङ) जीवन चेतनाका आधारमा चुच्चे व्यक्ति पात्र हो । उसमा व्यक्तिगत विशेषता छ । चुच्चे सानैदेखि छुच्चो स्वभावको आमालाई नटेर्ने, घरको चिजबिज चोरेर बेच्ने अरु बच्चाहरू भन्दा भिन्दै किसिमको चरित्रको रूपमा देखिन्छ । बालकमा हुनुपर्ने सामान्य गुण भन्दा अलि भिन्दै किसिमको गुण उसमा देखिन्छ । अरु बालबालिका भन्दा भिन्दै देखिएको हुनाले ऊ व्यक्ति पात्र हो ।

(च) आसन्नताका आधारमा चुच्चे मञ्चीय पात्र हो । चुच्चे चारित्रिक विशेषताबाट उपन्यास सुरु हुन्छ र उसकै केन्द्रीयता वा उसकै मञ्चीय क्रियाकलापबाट उपन्यासको कथानक अगाडि बढ्दछ । चुच्चेको प्रत्यक्ष उपस्थिति मञ्चमा देखिन्छ ।

(छ) आबद्धताका आधारमा चुच्चे बद्ध पात्र हो । उपन्यासको सम्पूर्ण घटना चुच्चेको बाल्यकालदेखि सुरु भएर युवा अवस्थामा पुगी सेनामा भर्ती भई वीरगति प्राप्त गर्दासम्मको घटनामा आधारित छ । चुच्चे उपन्यासको नायक नभए पनि उसको भूमिकाले कथानक संरचनालाई बलियो बनाउनमा महत्त्वपूर्ण स्थान ओगटेको छ । चुच्चेलाई कथानकबाट निकाल्ने हो भन्ने उपन्यासको संरचना नै बन्न गाह्रो पर्दछ त्यसैले ऊ बद्ध चरित्र हो ।

## २. प्रेम

प्रेम यस उपन्यासकी सहायक पात्र हो । झलकका साहिँला दाजु सेतु खड्का र साहिँली भाउजु चिरिबिरीकी एकमात्र सन्तान हो । आमाको कर्करे स्वभाव र बाबुको माया र प्रेरणा पाएर हुर्केकी प्रेम यस उपनयासमा उपन्यासकारकी सहायक नारीपात्र भएर आएकी छ । तत्कालीन नेपाली समाजमा स्वदेशमा पुरुषले समेत शिक्षा लन नसक्ने बन्द र निरङ्कुश व्यवस्थामा समेत प्रेमले काशी गएर उच्च शिक्षा हासिल गरेकी छ । आफ्नो स्व–इच्छा र बाबुको प्रेरणाले सानैदेखि घरमा समेत शिक्षक राखेर पढाएको हुनाले शिक्षाप्रतिको अनुराग रहेको देखिन्छ । आमाले “आजकाल त के छ ? पातरिन पाए पुग्यो । उस्तै उस्ता मिल्यो झिलिमिलि गऱ्यो, हिँड्यो मलाई त भने नि कन्सरी रउँ तातेर आउँछ” भन्दै जिमिन्दार्नीसँग कुरा गरेको सुन्दा पनि आमालाई केही नभनेबाट मानिस शिक्षित भयो भने सहन र बुझ्न सक्ने क्षमता बढ्छ भन्ने विचारको प्रतिनिधित्व प्रेमले गरेको देखिन्छ । उपन्यासमा शिक्षित नारीको रूपमा उपस्थित भएर अनुकूल चरित्रको भुमिका सशक्त रूपमा निभाएकी छ । प्रेमलाई नेपाली समाजको आदर्श नारीवर्ग चरित्रमा उभ्याउँदा कतैकतै भने उपन्यासकारले बढी आदर्शको भारी बोकाएको प्रतीत हुन्छ (भण्डारी, कोइराला, निरौला, २०६१ : ४३) । परदेशमा पढ्न बस्दा बिरामीको हेरचाह, कुशल स्याहार सुसार गरेबाट उसलाई एक सहयोगी चरित्रका रूपमा पनि लिन सकिन्छ । उपन्यासकारले यस उपन्यासमा समाजमा एक पुरुष शिक्षित भयो भने ऊ मात्र सशिक्षित हुन्छ तर एक नारी शिक्षित भयो भने परिवार नै शिक्षित हुन्छ भन्ने कुरा पनि प्रेम मार्फत प्रस्तुत गरेका छन् । प्रेमले राणाकालीन निरङ्कुश शासन र तत्कालीन नेपाली समाजमा छोरीलाई शिक्षा दिनुहुन्न अर्थात् छोरीले पढ्नुहुन्न भन्ने चिन्तनलाई तोड्दै शिक्षित आदर्शनारीको प्रतिनिधित्व गरेकी छ । पढेका मान्छेमा सहयोगी भावनाको विकास भएको हुन्छ भन्ने विचार उसबाट प्रस्तुत भएको छ :

(क) लिङ्गका आधारमा प्रेम स्त्री पात्र हो ।

(ख) कार्यका आधारमा प्रेम उपन्यासकी सहायक पात्र हो । उपन्यासको सुरुदेखि प्रेमको नाम नआएता पनि ऊ प्रेम उपन्यासकी सहायक चरित्र हो । उपन्यासमा आमाको मायाबाट वञ्चित भए पनि बाबुको माया र प्रेरणाले उच्च शिक्षा हासिल गर्न सफल बनेकी छ । उपन्यासमा उसको भुमिका धेरै नभए तापनि उपन्यासकारले आफ्नो मुख पात्रका रूपमा प्रेमलाई यस उपन्यासमा उभ्याएका छन् । बाबुको प्रेरणाले पढ्नु पढेपछि स्वदेश तथा विदेशमा रहँदा बिरामीको सेवा गर्नुले सहयोगी चरित्रका रूपमा आएकी छ ।

(ग) प्रवृत्तिको आधारमा प्रेम अनुकूल चरित्र हो । आमाले आफ्नो ईर्ष्या गर्दा पनि आमाको जवाफ फर्कएकी छैन र आमाको कर्करे स्वभावले पनि उनी कत्ति विचलित हुँदिन । तत्कालीन नेपाली समाजको शिक्षित नारीका रूपमा उनी उपस्थित भएकी छ । उपन्यासमा कहीँकतै खराब काम र असत् चरित्र नदेखिएकाले उनलाई अनुकूल चरित्र भएकी पात्र हो भन्न सकिन्छ ।

(घ) स्वभावका आधारमा प्रेम गतिहीन चरित्र हुन् । आफ्नी आमा बाबुसँग कराउँदा केहीबेर आफू काशी पढ्न नजाने निर्णय गरेता पनि बाबुको सम्झाइ बुझाइले फेरि जाने निर्णय गरेकी छ । सानैदेखि पढाइमा तीक्ष्ण स्वभाव भएकी र बढ्दै जाँदा पनि त्यही स्वभाव कायम रहेको पढेर पनि कत्ति विचलित नभएकी हुनाले उसलाई गतिहीन पात्र भन्न सकिन्छ । सानैदेखि पढ्ने इच्छा प्रेमको रहेको र त्यो इच्छालाई पूरा गरेकी छ । उपन्यासमा सूरदेखि अन्तिमसम्म नै एक शिक्षित नारीका रूपमा देखिन्छे र उनको स्वभावमा कुनै परिवर्तन नआएकाले उनी गतिहीन चरित्र हो ।

(ङ) आसन्नताका आधारमा प्रेम मञ्चीय पात्र हो । मञ्चीय र नेपथ्य प्रकारमध्ये मञ्चमा उपस्थित देखिएकी प्रेम मञ्चीय पात्र हो ।

उपन्यासमा उसको उपस्थिति कसैले वर्णन गरेको नभएर मञ्चमा नै प्रस्तुत भएकी हुनाले ऊ मञ्चीय पात्र हो । यसरी उपन्यासमा संवादका क्रममा मात्र नभएर उपन्यासमा प्रत्यक्ष उपस्थित भएकी हुनाले प्रेम मञ्चीय पात्र हो ।

(च) आबद्धताका आधारमा प्रेम बद्ध चरित्र हो । उपन्यासकारले तत्कालीन नेपाली समाजमा नारी शिक्षाको खाँचो र नारी शिक्षित भयो भने परिवार वा देश नै शिक्षित हुन सक्छन् भन्ने आफ्नो विचारलाई प्रेम मार्फत प्रस्तुत गरेका छन् । प्रेम यस उपन्यासकी बद्ध पात्र हो । कथानकलाई गति दिन र उपन्यासको आख्यान संरचनालाई बलियो बनाउने चरित्र हो, त्यसले उसको उपस्थिति बद्ध चरित्रको रूपमा रहेको छ ।

(छ) जीवन चेतनाका आधारमा वर्गीय चरित्र हो । उसले तत्कालीन नेपाली समाजका भरखर शिक्षाको अवसर पाउन थालेका नेपाली नारीहरूको प्रतिनिधित्व गरेकी छ । समाजमा शिक्षित नारीको खाँचो रहेको छ र नारी शिक्षाले नै समाज अगाडि बढ्न सक्छ भन्ने विचारको प्रस्तुति उसबाट भएको छ । एक्लो जीवन होइन समग्र नारी जीवनको प्रतिनिधित्व गर्दै यस उपन्यासमा वर्गीय चरित्रका रूपमा उपस्थित देखिन्छे । समाजका शिक्षित व्यक्तिहरूको प्रतिनिधित्व गरेकी छ । त्यसैले ऊ वर्गीय चरित्र हो ।

## ३. भुवन

भुवन **प्रेम** उपन्यासको सहायक पात्र हो । ऊ यस उपन्यासमा शिक्षित व्यक्तितवको रूपमा देखापरेको छ । भुवनले पनि यस उपन्यासकी पात्र प्रेमले जस्तै शिक्षालाई महत्त्व दिएको छ । चुच्चेलाई लरीले र्दुटना गराएको देखेर अस्पताल लगि भर्ना गरेर चुच्चेको परिवार खोज्ने काम गरेकोले ऊ सहयोगी देखिन्छ । आफू गर्भमा रहँदा बाबुको मृत्यु हुनु र आमाले पनि चाँडै नै छोडेर स्वर्गवास भएता पनि आफ्नो

बाटोबाट विचलित भएको छेन । भरखर किशोर अवसथामा प्रवेश गरेको र चुच्चेलाई अस्पतालबाट उसको घरमा पुऱ्याउँदा चुच्चेकी सौतेनी आमा र चुच्चेकी माइली आमाको रूपले उनलाई केही समय तनाव उत्पन्न हुन्छ तर जीवनमा सफल बन्नको लागि कसैको एक नजरमा फस्नु हुँदैन भन्ने विचारले गर्दा ऊ कलकत्ता पढ्न जान्छ । आफूले पाएको शिक्षा अरुलाई पनि बाँड्नु पर्छ भन्ने उदार चरित्रका रूपमा यस उपन्यासमा भुवनको उपस्थिति देखिन्छ । बालमनोविज्ञान बुझ्ने असल शिक्षक साथीहरूलाई नराम्रो बाटोमा हिँड्नु हुँदैन भन्ने असल साथीका रूपमा पनि उसलाई लिन सकिन्छ । ऊ आफ्नो विचारमा अडिग देखिन्छ । एउटा पुरुषमा हुने नारीप्रतिको मोह पनि उसमा देखिन्छ । वज्रयोगिनीमा जाँदा भएको दुर्घटनामा आफ्नो सेवा कसबाट भएको हो त्यो पत्ता लगाउनु पर्दछ वा त्यो शिक्षित नारीको हुन सक्छ भन्ने विचार प्रस्तुत गरेको हुँदा उसमा पनि नारीलाई शिक्षा दिनु पर्दछ अर्थात् नारी शिक्षित हुनुपर्दछ भन्ने भावना रहेको देखिन्छ । केही कुरा जान्नको लागि आफूभन्दा ज्ञानीको सङ्गत गर्नु पर्दछ । आफूभन्दा ठूलाको राम्रो गुण सिक्नु पर्दछ भन्ने विचार उसमा रहेको देखिन्छ ।

एम.ए. मा प्रथम श्रेणीमा पास भई स्वर्ण पदक समेत पाएकाले उनी बौद्धिक व्यक्तित्वको रूपमा प्रस्तुत भएको छ । आफ्ना माता, पिता, गुरु र मान्यजनहरूको उचित आदर गर्ने सज्जन चरित्रको रूपमा पनि उसलाई लिन सकिन्छ । उसमा आधुनिक सभ्यताको झलक नआएको होइन तर त्यसको सक्कली स्वरूपलाई बुझेको हुनाले ऊ आडम्बरी पट्टी ऊ थिएन । नैतिक बल बढाउनु नै मनुष्यको मुख्य ध्येय हो । हामी आफूलाई मनुष्य भन्दछौं तर बेइमानी क्रूरता र भोगविलासले आफ्नो हृदय आकाशलाई अँध्यारो तुल्याउँछ जुन ठीक होइन भन्ने उसको सिद्धान्त थियो ।

(क) लिङ्गका आधारमा भुवन पुलिङ्ग पात्र हो । यस उपन्यासमा सहायक पुरुष पात्रका रूपमा आएको छ । पुरुष पात्र भएकै कारण ऊ उपन्यासका नारीपात्रहरूप्रति आकर्षित बनेको देखिन्छ । यस उपन्यासमा पुरुष पात्रको सशक्त भूमिका उसको रहेको छ ।

(ख) कार्य भूमिकाका आधारमा भुवन सहायक पात्र हो । ऊ उपन्यासको आदि भागदेखि अन्त्य भागसम्म सक्रिय रूपमा उपस्थित छ । उसकै केन्द्रीयतामा उपन्यासको कथानक अगाडि बढेको छ । उपन्यासमा उनी एक असल छोरो, दाजु, शिक्षक, साथी र नारीप्रति रुचि राख्ने अर्थात् राम्रा नारी देख्यो भने आकर्षित हुने पात्रका रूपमा प्रमुख भूमिका निर्वाह गरेको छ । ऊ उपन्यासको सहायक नायक पात्र हो ।

(ग) प्रवृत्तिका आधारमा भुवन अनुकूल चरित्र हो । उपन्यास भरि कहीँकतै उसको खराब चरित्र देखिँदैन । ऊ आदर्श पुरुष चरित्रका रूपमा उपन्यासमा उपस्थित छ । आफ्नो विचारमा अडिग देखिन्छ । सहयोगी स्वभावका नायकका रूपमा उनी देखिन्छ । आफूले गर्दा अरुलाई अप्ठ्यारो नपरोस् भन्ने उनको विचार देखिन्छ । चुच्चेकी सौतेनी आमा र माइली आमालाई मन पराए पनि आफूले गर्दा उनीहरूको जीवन बर्बाद गरिदिनु हुन्न भन्ने असल विचार बोकेको हुनाले उसलाई अनुकूल पात्रका रूपमा लिन सकिन्छ ।

(घ) स्वभावका आधारमा भुवन गतिहीन चरित्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको विचारमा केही परिवर्तन आएको देखिँदैन । चुच्चेकी सौतेनी आमा रजहाँस र माइली आमा ठोटरीलाई देखेर केही समय मनोवैज्ञानिक रूपमा विचलित भए पनि अन्त्यतः आफ्नो विचारमा अडिग रहेकाले भुवनलाई गतिहीन चरित्रका रूपमा लिन सकिन्छ ।

(ङ) जीवन चेतनाका आधारमा भुवन वर्गीय चरित्र हो । उसले नेपाली समाजमा सामान्य परिवारका भरखर शिक्षा हासिल गर्न लागेका पुरुषहरूको प्रतिनिधित्व गरेको छ । राम्रा नारी देखेर आकर्षित हुने पुरुक्षहरूको प्रतिनिधित्व पनि उसले गरेको छ । मानिस सामाजिक प्राणी हो । मानिसले आफ्नो लागि मात्र होइन आफूले जानेको ज्ञान बुद्धि विवेक अरुलाई पनि बाँड्नु पर्छ भन्ने मान्यता उसमा रहेको देखिन्छ ।

शिक्षा मान्छेको अपरिहार्य कुरा हो भन्ने विचार उसमा रहेको छ । जुन समयमा जे गर्नुपर्ने हो त्यही गर्नु पदृछ भन्ने विचारको प्रतिनिधित्व पनि उसले गरेको छ ।

(च) आसन्नताका आधारमा भुवन मञ्चीय पात्र हो । उसको उपस्थिति पर्दा पछाडि वा नेपथ्य नभएर पर्दा अगाडि प्रत्यक्ष वा मञ्चीय छ । ऊ उपन्यासका प्रमुख चरित्र भएको हुनाले पनि उसको मञ्चमा उपस्थिति धेरै नै देखिन्छ । उपन्यासका धेरै घटनाहरू उसको वरिपरि नै घटेका छन् ।

(छ) आबद्धताका आधारमा भुवन बद्ध पात्र हो । उसलाई यस उपन्यासबाट झिक्न सकिँदैन । सहायक बद्ध चरित्रका रूपमा उसको उपस्थिति छ । ऊ उपन्यासको संरचनामा बलियो बनाउने पात्र हो । भुवनको अनुपस्थितिमा उपन्यासको घटना वा कथानक संरचना नै अगाडि बढ्न नसक्ने हुँदा ऊ बद्ध चरित्र हो ।

## ४. लालध्वज

पश्चिम हुम्लाका खड्का परिवारका जेठा छोरा वीर सनकसिंह खड्का नै लालध्वज खड्का हुन् । ऊ दोस्रो विश्वयुद्धमा गोर्खाली पल्टनमा हवल्दार थियो । उसले युद्धमा नाङ्गो खुकुरी नचाएर दुश्मनलाई मुला काटेजस्तै काटेर ब्रिटिस सरकारबाट सम्मान प्राप्त गर्न सफल देखिन्छ । लालध्वज यस उपन्यासमा एक वीरपुरुषका रूपमा आएको छ । ऊ यस उपन्यासमा जेठाबुढाका नामले चिनिन्छ । उमेरमा परिवारको नाम उँचा राख्न सफल भएका लालध्वज उपन्यासको बालपात्र चुच्चेको आमापछिको एकमात्र माया गर्ने मान्छेको रूपमा आएको छ । ऊ चुच्चेलाई बुवाको माया दिन्छ । चुच्चे हराउँदा सबैभन्दा पीर उसलाई पर्दछ । हिन्दू धर्मका भक्त हो । ऊ हाम्रो जीवन चलाउने परमेश्वर नै हुन् अर्थात् भगवान्ले हामलिाई जीवन जिउन सजिलो बनाइदिन्छन् भन्ने विश्वास उसको रहेको छ । रातदिन हरिभजन गाएर दिन बिताउँछ

। चुच्चेले अङ्ग्रेजी पढ्दा उनलाई उदेक लाग्दछ । अङ्ग्रेजी भाषालाई उसले म्लेच्छ भाषाको संज्ञा दिएको छ । ऊ अङ्ग्रेजी भाषाका विरोधी देखिन्छ ।

पूर्वीय संस्कृति र सभ्यताका पक्षपातीका रूपमा यस उपन्यासमा लालध्वज उपस्थित छ । उसको चरित्र यस अवस्थामा एक नेपाली वीर पुरुष, आफ्नो कर्तव्यबाट विमुख नहुने कर्तव्यको ख्याल राख्ने, हिन्दुसंस्कारका भक्त एक आदर्श व्यक्तित्वको रूपमा प्रस्तुत भएको छ । मान्छेमा आफ्नो विचारको साथसाथै मानवीयता हुनुपर्दछ । आफ्नो कर्तव्यबाट पछि हट्नु हुँदैन भन्ने कुराको प्रस्तुति उसको चरित्रमा देखिन्छ ।

(क) लिङ्गका आधारमा लालध्वज पुरुष पात्र हो । झलकका जेठा दाजु अर्थात् चुच्चेका जेठाबाका नामले उसलाई पुरुष पात्र हुन् भन्न सकिन्छ । बाबु दाजु भन्दा वित्तिकै पुरुष पात्र हुन् भन्ने कुरा बुझिन्छ ।

(ख) कार्य भूमिकाका आधारमा लालध्वज उपन्यासका सहायक चरित्र हो । उसको उपस्थिति चुच्चेको बिग्रिँदो बाल्यावस्थामा बाबाको माया दिने जेठाबाका रूपमा भएको छ । उसले चुच्चेलाई बुवाको माया दिन्छन्, खेलाउँछन्, पढ्नु पर्दछ भनि प्रेरणा दिन्छ । आफैले भुवनको घरमा गई चुच्चेलाई पढाइदिन विन्ती गर्दछ । उपन्यासको कथानकलाई अगाडि बढाउनमा उसको सहायक भूमिका रहेको छ ।

(ग) प्रवृत्तिका आधारमा लालध्वज अनुकूल पात्र हो । उसले दोस्रो विश्वयुद्धमा सेनाको पल्टनमा भर्ना भई आफ्नो जातीयताको प्रदर्शन गरेको छ । चुच्चेको हेरविचार गरेको छ । उपन्यासभरि कहीँकतै उसको असत् चरित्रका विशेषता देखिएको छैन । ऊ सहयोगी परिवारप्रति जिम्मेवारी वहन गर्ने व्यक्तित्वको रूपमा प्रस्तुत भएको छ । उसले कसैलाई कुभलो गरेको छैन । त्यसेले उसलाई अनुकूल चरित्रका रूपमा लिन सकिन्छ ।

(घ) स्वभावका आधारमा लालध्वज गतिहीन चरित्र हो । सुरुमा सेनामा भर्ती हुँदा देखि अन्त्यसम्म नै हिन्दू संस्कृतिको भक्त देखिन्छ । समय परिवर्तन भएर चुच्चेले अङ्ग्रेजी पढ्न लाग्दा पनि उनी संस्कृत नै पढ्नु पर्दछ भन्ने पुरातनवादी विचारमा अडिग देखिन्छ । आधुनिकताले उसलाई छोएको छैन । ऊ उपन्यासको सुरुदेखि अन्त्यसम्म एउटै विचारमा अडिग देखिन्छ । त्यसैले गर्दा ऊ गतिहीन चरित्र हो ।

(ङ) जीवन चेतनाका आधारमा लालध्वज व्यक्ति पात्र हो । उनमा अरु मान्छेमा हुने भन्दा भिन्दै विशेषता छ । ऊ एक्लै हरिभजन गाएर बस्छ । आफू हरिभजनमा लिप्त हुँदा पनि उसलाई भाइको छोरो चुच्चेको अति माया लाग्दछ । र ऊ चुच्चेलाई खेलाउने, पढाउने, सुमार्गमा लाग्न सिकाउने गर्दछ । ऊ संन्यासी एकलकाटे जस्तो देखिन्छ ।

(च) आबद्धताका आधारमा लालध्वज मुक्त पात्र हो । उपन्यासको कथानकमा उसको उपस्थिति अनिवार्य देखिँदैन । झलकको पारिवारिक पृष्ठभूमिको वरिपरि रहे पनि उसलाई मुक्त चरित्रका रूपमा उपन्यासकारले उभ्याएका छन् । चुच्चेलाई बाबुको माया दिएको छ । उपन्यासमा उसको अनुपस्थितिले कथानकको विकास रोकिँदैन ।

(छ) आसन्नताका आधारमा लालध्वज मञ्चीय पात्र हो । उपन्यासको सबै घटनामा उनी उपस्थित नभए पनि चुच्चेलाई पढाउन भुवनलाई खोज्न जान्छ । चुच्चे हराउँदा खोज्न जान्छ । चुच्चेका क्रियाकलापमा उनको उपस्थिति मञ्चमा देखिन्छ । चुच्चे अङ्ग्रेजी पढ्दा नपढ भन्छ किताब च्यातिदिन्छ । यी घटनामा उसको उपस्थिति देखिन्छ ।

## ५. रजहाँस

रजहाँस झलक खड्काकी कान्छी श्रीमती चुच्चेकी सौतेनी आमा र बनवेलीकी सौता हो । आफूभन्दा उमेरमा अलि जेठो लोग्नेसँग विवाह गरेर आएकी रजहाँस

उपन्यासकी खलनायिकाका रूपमा उपस्थित छे । ऊ आफ्नो पतिले आफूलाई मात्र माया गरोस् भन्ने धारणा राख्दछे । ऊ समाजका अरु महिलाहरूमध्ये अलि टाठी अक्षर चिनेकी छ । श्रीमान्ले आफूलाई विवाह गरेर ल्याएपछि जेठीलाई वास्ता, माया गरेको रुचाउँदिन । बोल्न पनि दिन्न । आफ्ना सन्तान नभए पनि ऊ सौताको छोरालाई पनि माया गर्दिन । चुच्चेको नराम्रो बानीलाई झन् बढावा दिन उक्साउँछे । चुच्चेको बिग्रँदो अवस्थामा ऊ खुसी हुन्छे । चुच्चे दुर्घटनामा परेर घाइते भएको र उसलाई भुवनले घरमा ल्याउँदा भुवनलाई देखेर आकर्षित हुन्छे । घरमा पति हुँदाहुँदै परपुरुषलाई मन पराउँछे र उसैका पर्खाइमा बस्छे । शारीरिक रूपमा नराम्री भए पनि ऊ शृङ्गार पटार गरेर बस्दछे । ऊ स्वार्थी स्वभावकी छ । भुवन चुच्चेलाई पढाउन आउने भन्ने सुनेपछि चुच्चेलाई माया गर्दछे तर पछि भुवन कलकत्ता गएपछि भने फेरि माया गर्न छाड्छे । नेपाली समाजमा सौताले सौताप्रति गर्ने व्यवहार, उमेर नमिल्ने अर्थात् छोरामान्छे जति बूढो भए पनि छोरीलाई विवाह गरिदिने र आफ्नो श्रीमान् बुढो भएकाले परपुरुषप्रति आकर्षित हुने किशोरीहरूको प्रतिनिधित्व रजहाँसले गरेकी छ । उसले सौताका नभएका कुरा पनि श्रीमान्लाई सुनाउँछे । बाबुको मायाबाट चुच्चेलाई वञ्चित बनाउछे । छुच्ची स्वभावकी ईर्ष्यालु नारीका रूपमा प्रस्तुत भएकी छ ।

(क) लिङ्गका आधारमा रजहाँस स्त्री पात्र हो । ऊ झलक खड्काकी श्रीमती र चुच्चेकी सौतेनी आमा भएकोले उसलाई स्त्री पात्र हो भन्न सकिन्छ । पुरुषप्रति आकर्षित हुन्छ ।

(ख) कार्य भूमिकाका आधारमा रजहाँस सहायक पात्र हो । उपन्यासमा रजहाँसको भूमिका खलनायिकाका रूपमा आएकी छ । चुच्चेकी सौतेनी आमाका रूपमा कार्य निर्वाह गरेकी छ । सौतेनी आमाले सौताका छोरालाई गर्ने व्यवहार र श्रीमान्को कान्छी श्रीमती भएर आएपछि श्रीमान् आफ्नो मात्र हो भन्ने सौताको भूमिका उसले खेलेकी छ । भरखर युवा अवस्थामा पुगेकी हुनाले राम्रो पुरुष देख्यो भने आकर्षित हुन्छे । नराम्री भए पनि परपुरुषले आफूलाई मन पराओस् भन्ने चाहन्छे

। आफ्नो स्वार्थ पूरा गर्न सौताको छोरालाई पनि माया गरेजस्तो गर्दछे । उपन्यासको कथानक संरचनालाई अगाडि बढाउन उसको भूमिकाले पनि महत्त्वपूर्ण कार्य गरेको छ ।

(ग) प्रवृत्तिका आधारमा रजहाँस प्रतिकूल चरित्र हो । नारी भएर नारीलाई हेप्ने, आफ्नो स्वार्थपूर्तिका लागि माया गरेजस्तो देखाउने जस्ता प्रतिकूल स्वभाव उसको छ । उपन्यासको सुरुमा चुच्चेको नराम्रो बानीमा खुसी हुने, उसलाई नराम्रो काम गर्न उक्साउने गर्दछे र पछि भुवनलाई पढाउन थालेपछि चुच्चेलाई माया गर्न थाल्दछे तर फेरि भुवन कलकत्ता गएपछि उसको पहिलेको व्यवहार दोहोरिन्छ । श्रीमान्ले सौतासँग बोलेको रुचाउँदिन, छोरालाई उचाल्न माया गर्नबाट वञ्चित गराउँछे । यी सबै कुराहरूले गर्दा ऊ प्रतिकूल चरित्र हो ।

(घ) स्वभावका आधारमा रजहाँस गतिशील चरित्र हो । सुरुमा चुच्चेको उपद्रयाहा बानीप्रति खुसी हुने र उसलाई नराम्रो कामप्रति उक्साउने गर्दछे । चुच्चेलाई भुवनले पढाउन थालेपछि माया गर्न थाल्दछे । ऊ आफ्नो विचारमा अडिग छैन । त्यसैले उसलाई गतिशील चरित्र हो भन्न सकिन्छ ।

(ङ) जीवन चेतनाका आधारमा वर्गीय पात्र हो । नेपाली समाजका सौता र सौतेनी आमाले गर्ने व्यवहारको प्रतिनिधित्व उसले गरेकी छ । श्रीमान्ले कान्छी बिहे गरेपछि जेठीलाई माया गर्नु हुन्न भन्ने विचारको प्रतिनिधित्व गरेकी छ । मान्छे स्वार्थी हुन्छ, आफ्नो स्वार्थपूर्तिका लागि माया नलाग्ने मान्छेलाई वा देख्न नरुचाउने मान्छेलाई पनि माया गरेजसो देखाउन सकिन्छ भन्ने कुराको प्रस्तुति उसबाट भएको छ ।

(च) आसन्नताका आधारमा रजहाँस मञ्चीय पात्र हो । उपन्यासमा रजहाँसको उपस्थिति प्रत्यक्ष छ । उसको कुरा अरु कसैबाट भन्न लगाइएको छैन । चुच्चेलाई भुवनको घरमा छोड्न ऊ नै जान्छे । भुवन

उसको घरमा आउँदा दुई जनाको आँखा जुधेको छ । भुवनको पर्खाइमा शृङ्गारपटार गरेर बसेकी छ ।

(छ) आबद्धताका आधारमा रजहाँस बद्ध पात्र हो । उपन्यासकारले नेपाली समाजमा बहुविवाहको पारिवारिक असरलाई देखाउन रजहाँसलाई पात्रको भूमिका दिएका छन् । चुच्चेको मुख्य घटनामा उपन्यासको संरचना बनेको छ र त्यही मुख्य घटनालाई अगाडि बढाउन रजहाँसको उपस्थिति देखिएको छ । भुवनप्रतिको आकर्षणले उपन्यासको शीर्षकको सार्थकता पनि रजहाँसबाट हुने हुनाले ऊ उपन्यासकी बद्ध पात्र हो । उसको अनुपस्थितिमा उपन्यासको संरचना बिग्रन्छ ।

## ६. वनवेली

रजहाँस उपन्यासको बालपात्र चुच्चेकी आमा झलक खड्काकी श्रीमती र रजहाँसकी सौता हो । तत्कालीन नेपाली समाजमा श्रीमान्ले दोस्रो विवाह गरेपछि हेपिनुपर्ने जेठी श्रीमतीहरूको प्रतिनिधित्व उनले गरेकी छ । ऊ राम्री छ, राम्री भए पनि कान्छी ल्याएपछि कान्छीको डरले श्रीमान्को मायाबाट वञ्चित हुन पुगेकी छ । सन्तान जन्माउने, हुर्काउने काममा बाबुआमा दुवैको हात हुने भए तापनि उनले छोरालाई आमाको माया र बाबुको प्रेरणा एक्लै दिएकी छ । सानैदेखि बाबुको मायाबाट वञ्चित र सौतेनी आमाको अपमानले उसको छोरो चुच्चे बिग्रन्छ । चुच्चेका क्रियाकलापले वनबेली आजित हुन्छिन् । छोराको चिन्तामा छटपटाउँछे र श्रीमान्लाई सुनाउँछन् तर श्रीमान्ले रजहाँसको डरले केही गर्न सक्दैन । आफ्नो जीवनको एकमात्र सहारा दिनप्रतिदिन बिग्रँदै जाँदा ऊ चिन्तित हुन्छे । अरुले छोरालाई गाली गर्दा असह्य हुन्छ तर उसमा सहने बानी बनिसकेको हुन्छ । घरपरिवारमा केवल जेठाजुको सहानुभूति पाएकी वनबेली निरन्तर चुच्चेको भविष्यको लागि लागि परिहाल्छे । छोरालाई पढ्न पठाउनुपर्छ । पढे.पछि मान्छे ज्ञानी हुन्छ, ठूलो मान्छे बन्न सकिन्छ भन्ने ज्ञान उसमा रहेको छ । नपढेकी भए पनि सुशील सहनशील चरित्रका रूपमा देखिन्छे । सौता देउरानीहरूले आफ्नो छोरालाई गाली गर्दा केही नबोली छोरासँग मुख

नलाग्नु नै बढत्वको पचिरय हो भन्ने उसको सिद्धान्त छ । जीवनमा जति ठूलो कष्ट सहन परे पनि सन्तान भएपछि तिनैको आशाको त्यान्द्रोमा बाँच्न सकिन्छ भन्ने कुरा वनबेलीबाट प्रस्तुत भएको छ ।

(क) लिङ्गका आधारमा वनबेली स्त्रीलिङ्ग पात्र हो । उनी चुच्चेकी आमा र झलककी जेठी श्रीमती हो । आमा र श्रीमती भन्ने बित्तिकै स्त्री जाति भन्ने बुझिन्छ ।

(ख) कार्य भूमिकाका आधारमा वनबेली सहायक पात्र हो । उपन्यासको संरचनामा वनबेली चुच्चेकी आमा र रजहाँसकी सौताका रूपमा सहपात्र भएर आएकी छ । नेपाली समाजमा कान्छी श्रीमती ल्याएपछि परिवारमा जेठीको स्थानको भूमिका उनले निर्वाह गरेकी छ । सन्तानप्रति आमाको भूमिका पनि उसले खेलेकी छ । सन्तान बिग्रँदा आमालाई पर्ने दुःख सहनुपर्ने पीडा सन्तानका नराम्रा क्रियाकलापले परिवार तथा आफन्तबाट सुन्नुपर्ने गुनासा सहन गरेकी छ । आफूमा केही अवगुण नहुँदा नहुँदै पनि नारीले भोग्नु पर्ने विवशताको प्रस्तुति उसबाट आएको छ ।

(ग) प्रवृत्तिका आधारमा वनबेली अनुकूल पात्र हो । उपन्यास भरि कहीँ कतै उसको नराम्रो चरित्र देखिएको छैन । ऊ सहनशील नारीका रूपमा देखिएकी छ । सौताको अपाच्य व्यवहारप्रति पनि उसको कुनै नराम्रो प्रवृत्ति देखिएको छैन । छोरालाई जतिसुकै नराम्रो काम गरे पनि वचनबोली सम्झाउँछे ।उसको असल चरित्र देखिँदैन त्यसैले ऊ अनुकूल चरित्र हो ।

(घ) स्वभावका आधारमा वनबेली गतिहीन चरित्र हो । उसले जस्तोसुकै परिस्थितिमा पनि विचलित नभईकन आफ्नो सिद्धान्तमा अडिग भएर अगाडि बढेकी छ । ऊ आफ्नो विचारमा सधैँ एकनास देखिन्छे ।

छोरालाई पढाउनु पर्छ । पढेपछि ठूलो मान्छे भइन्छ भन्ने उनको भनाइ छ । सुरुदेखि अन्त्यसम्म उसको चरित्र एकै किसिमको देखिन्छ ।

(ङ) जीवनचेतनाका आधारमा वनबेली वर्गीय पात्र हो । उनी तत्कालीन नेपाली समाजमा आफ्नो श्रीमान्ले अर्की स्वास्नी ल्याएपछि जेठीको पारिवारिक स्थितिको प्रतिनिधित्व गरेकी छ । नारीमा जस्तोसुकै ठूलो आपत्ति परे पनि सहन सक्ने क्षमता हुन्छ भन्ने कुराको जानकारी पनि उसको चरित्रबाट देख्न सकिन्छ ।

(च) आसन्नताका आधारमा वनबेली मञ्चीय पात्र हो । झलक तराईबाट आउँदा उनलाई ढोगी चुच्चेको बारेमा बताउँछे र रुन्छे । चुच्चेलाई भुवनले घरमा ल्याउँदा पनि भुवनलाई धन्यवाद दिन्छे । चुच्चेका क्रियाकलापले चिन्तित देखिन्छे । मञ्चमा उसको उपस्थिति प्रत्यक्ष देखिन्छ, त्यसैले ऊ मञ्चीय चरित्र हो ।

(छ) आबद्धताका आधारमा वनबेली बद्ध पात्र हो । ऊ उनमार्फत उपन्यासकारले नारीमा हुने सहनशीलता देखाउन खोजेका छन् । उपन्यासको बालपात्र चुच्चेको चारित्रिक क्रियाकलापमा ऊ चित्रित देखिन्छे । श्रीमान्ले जेठीलाई कान्छीको डरले माया गर्न सक्दैन । सौता सौतार्ला हेर्ने दृष्टिकोणको प्रस्तुति ऊबाट भएको छ । उपन्यासको संरचनामा ऊ क्रियाशील देखिन्छे । चुच्चेकी आमाका रूपमा प्रसतुत भएकी छ । उसलाई उपन्यासबाट झिक्न मिल्दैन त्यसैले ऊ बद्ध पात्र हो ।

## ७. झलक खड्का

झलक **प्रेम** उपन्यासको पात्र चुच्चेका बाबु, रजहाँस र वनबेलीको श्रीमान्का रूपमा यस उपन्यासमा आएको छ । ऊ नेपाली सेनामा लप्टन छ । पहिले राम्री तर नपढेकी सोझी श्रीमती र पछि अक्षर चिनेकी नराम्री भए पनि टाठीबाठी श्रमिती

विवाह गर्छ । कान्छीलाई विवाह गरेपछि जेठीको माया लागे पनि कान्छीको डरले बोल्न समेत डराउँछ । जेठीपट्टिको अर्थात् एक मात्र सन्तान चुच्चेलाई बाबुको माया दिन सक्दैन । रातदिन काममा खटिने उनलाई घरपरिवारलाई दिने समय नै हुँदैन । उसले घरमा के भइरहेको छ भन्ने कुरा थाहा नै पाउँदैन । विहान बेलुका कवाज खेल्न जाने, समयसमयमा काजमा खटिएर बाहिर जानुपर्ने हुन्छ । बाबुको मायाको अभावमा चुच्चे बिग्रन्छ । बिग्रिएको देख्दादेख्दै पनि ऊ रजहाँसका अगाडि केही बोल्न सक्दैन । ऊ यस उपन्यासमा “दुई जोइको पोइ कुना पसि रोइ” भन्ने भनाइको चरितार्थका रूपमा आएको छ । पुरुषले पैसा कमाएर मात्र हुँदैन घरपरिवार हेरविचार पनि गर्नु पर्दछ भन्ने कुराको जानकारी उसमा छैन । आफ्नी श्रीमतीले अरुसँग वा परपुरुषसँग बोलेको पनि रुचाउँदैन । बाबुको जिम्मेवारी वहन गर्न नसक्ने लाचार बाबुका रूपमा देखिन्छ ।

(क) लिङ्गका आधारमा झकल पुलिङ्गी पात्र हो । चुच्चेको बाबु र रजहाँस, वनबेलीका पतिका रूपमा आएका हुनाले पुरुष पात्र हो ।

(ख) कार्य भूमिकाका आधारमा गौण पात्र हो । उपन्यासमा खासै उनको भूमिका देखिँदैन । चुच्चेका बाबु भए पनि खासै घरमा बस्दैन । चुच्चे बिग्रँदा पनि ऊ चिन्तित देखिँदैनन् । उपन्यासमा दुई विवाह गर्ने पति र कान्छीलाई विवाह गरेपछि जेठीलाई वास्ता नगर्ने र जेठीपट्टिको सन्तानलाई पनि माया नगर्ने बाबुको कार्य भूमिका निर्वाह गरेको छ ।

(ग) प्रवृत्तिका आधारमा झलक प्रतिकूल चरित्र हो । सोझै आफूले केही गल्ती नगरे पनि बाबु भएर छोरालाई बाबुको माया दिन नसक्नु, रूपवती श्रमिती हुँदाहुँदै अर्की विवाह गर्नु उनको प्रतिकूल चरित्रका उदाहरण हो । घरको मूली भएर घरमा के भइरहेछ भन्ने जान्न खोज्दैनन् । जेठी श्रमितीले आफ्ना विलौना पोख्दा पनि सुनेको नसुने जस्तै गर्दछ ।

(घ) स्वभावका आधारमा गतिशील चरित्र हुन् । चुच्चेलाई बाबुको माया दिन नसके पनि चुच्चे हराउँदा दुवै र चुच्चेको तस्विर सहितको खबर पत्रिकामा पढ्दा खुसी हुन्छ । उपन्यासभरि एकै किसिमको चरित्र देखिँदैन । ऊ आफ्नो विचारमा अडिग छैन ।

(ङ) जीवन चेतनाका आधारमा झलक वर्गीय पात्र हो । बहुविवाह गर्ने, घरपरिवारको जिम्मेवारी बोध नगर्ने पुरुषहरूको प्रतिनिधित्व उसले गरेको छ । वैंशको मातमा एउटी श्रीमती घरमा हुँदाहुँदै अर्की विवाह गर्ने पुरुषको प्रतिनिधि हो ।

(च) आसन्नताका आधारमा झलक मञ्चीय पात्र हो । उनको मञ्चमा उपस्थिति त्यति धेरै नदेखिए पनि वनबेलीले ढोग्दै रुँदै गरेको घटना र चुच्चेको दाजिलिङ्गमा गई सेनामा भर्ती भएर वीरगति प्राप्त गरेपछि अखबार पढ्दाको घटनामा ऊ मञ्चमा देखिन्छ ।

(छ) आबद्धताका आधारमा झलक मुक्त पात्र हो । उसलाई निकाल्दा उपन्यासको संरचनामा खासै असर पर्दैन ।

## ८. सेतु खड्का

सेतु खड्का झलकका साइँला दाजु चिरिबिरीका पति र प्रेमका बाबु हो । उनी कटहरवनमा वनजाँचको लेफटनी छन् । उनी आफ्नो कामप्रति वफादार देखिन्छ । हाकिमहरूलाई रिझाउन सक्छ । अरुको झगडा मिलाउन, पढ्ने कुरामा टाठा हुन्छन् । तर घरमा माइली भाउजु र उनकी मुखेनी चिरिबिरीको सधैँ झगडा हुन्छ । घरको झगडा मिलाउन सक्दैन र परिवार नै लिएर काठमाडौबाट कटहरवन जान्छ । सेतुले आफ्नी मुखेनीले झगडा गर्ने अशिक्षित भएर हो । नारीलाई पनि शिक्षा दिनुपर्छ भन्ने मान्यता राख्छन् । उनकी एउटी छोरी छ । उसलाई घरमै शिक्षक राखेर शिक्षा दिन्छ । छोरीलाई पढ्नु पर्छ भनि प्रेरणा दिन्छन् । थोरै समयमा धेरै काम गर्न सफल पात्रका रूपमा समेत चित्रित छ । यसरी नारी शिक्षाको पक्षपाती र नायिकाको बाबुको रूपमा

आएको सेतु उपन्यासका सत्पात्र हो । समग्रमा मेधावी, आदर्शपुरुष, सफल राष्ट्रसेवक, नारी शिक्षाको पक्षमा वकालत मात्र नगरी व्यावहारिक रूपमा कार्य सफल गर्ने पात्र हो ।

(क) लिङ्गका आधारमा सेतु पुलिङ्ग पात्र हो । ऊ चिरिबिरीका पति र उपन्यासकी नायिका प्रेमका बाबु हो । बाबु र पति भएकाले पुरुषपात्र हो भन्न सकिन्छ ।

(ख) कार्य भूमिकाका आधारमा सेतु गौण पात्र हो । कथानकको संरचनामा उनलाई खासै महत्त्व दिइएको छैन । उपन्यासकारले बाबुले चाह्यो भने छोराछोरीले पढ्न पाउने अर्थात् छोराछोरलिाई पढ्न पढाउने प्रेरणा बाबुले दिनुपर्छ भन्ने भूमिकाका लागि सेतु पात्रको चयन गरेको छ ।

(ग) प्रवृत्तिका आधारमा सेतु अनुकूल चरित्र हो । उपन्यासभरि कहीँ पनि उसको असत् चरित्र देखापरेको छेन । ऊ एक असल पिता, मेधावी, आदर्शपुरुषका रूपमा उपन्यासमा आएको छ ।

(घ) स्वभावका आधारमा सेतु गतिहीन चरित्र हो । उसले सुरुदेखि छोरीलाई पढाउनु पर्छ, छोरीले पढी भने घरमा रातदिन झगडा हुँदैन भन्ने मान्यता राख्ने र त्यसलाई व्यवहारमा देखाएको छ । ऊ शिक्षाको पक्षपाती देखिन्छ ।

(ङ) जीवन चेतनाका आधारमा व्यक्ति पात्र हो । उनी तत्कालीन समयमा एक असल बाबुका रूपमा देखिन्छ । उसले कुनै वर्गको वकालत गरेको छ । उनी आफू असल छ र छोरीलाई पनि शिक्षा दिएर असल ज्ञानी बनाउन चाहन्छ ।

(च) आसन्नताका आधारमा सेतु नेपथ्य पात्र हो । समाख्याताले उनका चारित्रिक विशेषता बताएको छ । उनी प्रत्यक्ष मञ्चमा उपस्थित देखिँदैनन् ।

(छ) आबद्धताका आधारमा सेतु मुक्त पात्र हो । उपन्यासको संरचनामा उनलाई निकालिदिँदा खासै फरक पर्दैन ।

## ९. ठोटरी

ठोटरी झलकका माइला दाजुकी श्रीमती हो । उसकी एउटी छोरी छ । सानै उमेरमा पतिको मृत्यु भएपछि त्यही एउटी छोरीको मुख हेरेर बस्छे । मंगल कर्णेलकी छोरी भएको हुनाले उसको घरमा अर्कै रवाफ थियो । छोरीले पनि सानै उमेरमा विवाह गरेर छोरो पाइदिएकी हुनाले ठोटरी त्यही नातिलाई पालेर बस्छे । अलि कर्करे स्वभावकी नारीका रूपमा ऊ यस उपन्यासमा आएकी छ । घरमा देउरानीहरूसँग झगडा गर्ने आफ्नो नातिलाई कसैले केही गऱ्यो भने नराम्रो गाली गर्ने, सराप्ने गर्छे । उमेरमै पतिको मृत्यु भएको हुनाले भुवन चुच्चोलाई लिएर घरमा आउँदा भुवनप्रति आकर्षित हुन्छे । आफ्ना बाबुको सम्पत्तिको धाक लगाएर सबैसँग झगडा गर्ने, आफू विधवा भएको हुनाले सबैले हेप्छन् भन्ने मनगढन्ते कुरा गरेर बस्ने गर्छे । समग्रमा ऊ अलि नराम्रो स्वभावकी नारीका रूपमा चिनिन्छे ।

(क) लिङ्गका आधारमा ठोटरी स्त्री पात्र हो ।

(ख) कार्य भूमिकाका आधारमा गौण पात्र हो । उनको कार्य खासै महत्त्वपूर्ण छैन । बाबुको सम्पत्तिको रवाफ देखाउने पतिको मृत्यु भएपछि एक्लो जीवन जिउनु पर्ने बाध्य नारहिरूको कार्य भूमिका उसको रहेको छ ।

(ग) प्रवृत्तिका आधारमा ठोटरी प्रतिकूल चरित्र हो । झगडालु प्रवृत्ति भएकी, देउरानी जेठानीहरूसँग झगडा गर्छे । नातिलाई कसैले केही गऱ्यो भने नराम्रा गालीले सराप्छे । उपन्यासभरि कहीँ पनि उसको सत् चरित्र देखिँदैन ।

(घ) स्वभावका आधारमा गतिहीन चरित्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको कर्करे स्वभाव देखिएको छ । ऊ परिवर्तन भएकी छैन ।

(ङ) आसन्नताका आधारमा मञ्चीय पात्र हो । देउरानीहरूसँगको झगडा र चुच्चेलाई भुवनले घरमा ल्याउँदा उनी मञ्चमा उपस्थित देखिन्छे ।

(च) आसन्नताका आधारमा मञ्चीय पात्र हो । देउरानीहरूसँगको झगडा र चुच्चेलाई भुवनले घरमा ल्याउँदा उनी मञ्चमा उपस्थित देखिन्छ ।

(छ) आबद्धताका आधारमा ठोटरी मुक्त पात्र हो । मुक्त पात्रलाई कथानकबाट हटाए पनि खासै फरक पर्दैन ।

## १०. चिरिविरी

चिरिबिरी सेतु खड्काकी श्रीमती, उपन्यासकी नायिका प्रेमी आमा हो । सधौ रमा जेठानी ठोटरीसँग झगडा गर्ने, श्रीमान् अड्डाबाट घरमा फर्कँदा ठोटरीको कुरा गरी झगडा गर्छे । बाबुले दिएको सम्पत्तिको आडमा सबैसँग झगडा गर्ने र पविरारमा पनि कलह मच्चाउँछे । श्रीमान् सेतुसँग पनि बिना प्रसङ्गका कुरा निकालेर झगडा गर्छे । छोरीलाई पढाउनु पर्छ भन्दा त्यही कुरामा झगडा हुन्छ । छोरीको रिस डाहा गर्छे । समग्रमा झगडालु स्वभावकी नारी सुलभ गुण नभएकी, कसैले केही कोसेली ल्याइदियो भने लुकाएर खाने, कुहाउने तर कसैलाई बाँडेर खान नजान्ने, आफ्ना सन्तानको डाहा गर्ने आमाका रूपमा प्रस्तुत भएकी छ ।

(क) लिङ्गका आधारमा पात्र दुई किसिमका हुन्छन् । चिरिबिरी स्त्री पात्र हो । उनी सेतु खड्काकी श्रीमती र प्रेमकी आमा हो ।

(ख) कार्य भूमिकाका आधारमा चिरिबिरी गौण पात्र हो । उनलाई उपन्यासको संरचनाबाट निकाल्दा संरचनामा केही फरक पर्दैन । कर्करे स्वभावकी छुच्ची, झगडा गरेर परिवारमा अशान्ति मच्चाउने कार्य भूमिका उसको रहेको छ ।

(ग) प्रवृत्तिका आधारमा चिरिबिरी प्रतिकूल चरित्र हो । उपन्यासमा कहीँ पनि उसको राम्रो प्रवृत्ति देखिएको छैन । झगडालु, ईर्ष्या गर्ने जसता प्रतिकूल प्रवृत्ति उसमा रहेको छ ।

(घ) स्वभावका आधारमा गतिहीन चरित्र हो । ऊ सुरुदेखि झगडालु स्वभावकी देखिन्छे । श्रीमान्ले जति सम्झाउँदा पनि उसमा केही परिवर्तन गरेकी छैन ।

(ङ) जीवन चेतनाका आधारमा चिरिबिरी व्यक्ति पात्र हो । उसले कुनै वर्गको प्रतिनिधित्व गरेकी छैन । ऊ सन्तानको ईर्ष्या गर्ने आमाको रूपमा प्रस्तुत भएकी छ ।

(च) आबद्धताका आधारमा चिरिबिरी मुक्त पात्र हो । उसलाई कथानक संरचनाबाट निकाल्दा पनि केही फरक पर्दैन । कथानकबाट निकाल्दा पनि केही फरक नपर्ने चरित्रहरूलाई मुक्त चरित्र भनिन्छ ।

(छ) आसन्नताका आधारमा नेपथ्य पात्र हो । उनी मञ्चलमा देखिँदैन । समाख्याताले चिरिबिरीको वर्णन मात्र गरेका छन् ।

## ११. डल्ली

डल्ली पुड्केकी आमा हो । चुच्चेकी साथीकी आमाका रूपमा आएकी छ । उसले आफ्नो छोरालाई चुच्चेले बिगारेको आरोप लगाउँछे । ऊ स्त्री पात्र हो । उसको कथानक संरचनामा पुड्केकी आमा र बोक्सी लाग्ने कार्य भूमिकाको निर्वाह गरेकी छ । चुच्चे र पुड्के खेल्दा पराल खसेर पुड्केलाई च्याप्छ त्यो सुनेर चुच्चेलाई सराप्छे । ऊ प्रतिकूल चरित्रका रूपमा आएकी छ । डल्ली उपन्यासकी गौण पात्र हो । उसको चरित्रको व्याख्या गरिएको छ । ऊ मञ्चमा प्रत्यक्ष रूपमा आएकी छेन । त्यसैले नेपथ्य पात्र हो ।

## १२. चनमने

चनमने पुरुष गौण र नेपथ्य पात्र हो । ऊ ठोटरीको एकमात्र नाति हो । धेरै माया गरेर या पुल्पुलाएर पाल्यो भने बालक झन बदमास हुन्छ । सानैदेखि जति स्याहार सुसार गर्दा पनि उसका नाकमा सधैं सिँगान झुण्डिएको हुन्थ्यो । धेरै लाड प्यार पाएकाले ऊ बिग्रिएको थियो । आफू भन्दा साना ठूला जसलाई देखे पनि पिट्ने गर्दछ । मुखमा सधैं फोहोर कुरा झुण्डिन्छ । बेलाबेलामा चुच्चेसँग झगडा गरेर घरमा आमा हजुरआमालाई कुरा लगाई चुच्चेलाई गाली ख्वाउँछ । ऊ प्रतिकूल चरित्र भएको पात्र हो ।

## १३. उपेन्द्र

उपेन्द्र भुवनको कलेजको साथी हो । ऊ पुरुष, नेपथ्य, गौण पात्र हो । भुवनको असल मित्रका साथै अनुकूल पात्रका रूपमा उपन्यासमा आएको छ । भुवन रिसाउँदा भुवनले किन केकारणले यस्तो व्यवहार देखाएका हुन् भनेर चिन्तित हुन्छ ।

## १४. राजेश्वरी

राजेश्वरी स्त्री पात्र, गौण पात्र हो । ऊ यस उपन्यासको नायक, भुवनकी बहिनी हो । उसले आफ्ना बाबु, आमा मरिसकेकोले आफ्नो दाजुलाई पढ्नु पर्छ भन्ने प्रेरणा दिन्छे । आफू नपढेकी भए पनि दाजुलाई पढ्नुपर्छ भन्दछे । भुवन र रजहाँस एक अर्कालाई मन पराएको कुरा थाहा पाएर खुसी हुन्छे र मलाई तपाईले नन्द भनेर बेलाए पनि हुन्छ भन्छे । उसले यस उपन्यासमा एक मायालु बहिनी र दाजुको अभिभावकको कार्य भूमिका निभाएकी छ । ऊ अनुकूल चरित्र हो ।

## १५. चतुरानन्द

चतुरानन्द सेतु खड्काका काशीमा बस्ने साथी हुन् । उनी पुरुष, गौण र नेपथ्य पात्र हुन् । उनले काशीमा बसेर पण्डितको काम गर्दछन् । उनले सेतु खड्काले आफ्नी छोरी प्रेमलाई लिएर काशी गएका बेला त्यहाँको सबै कुराका बारेमा अवगत गराउँछन्

। उनी एक सहयोगी मित्रको कार्य भूमिका निर्वाह गरेका छन् । उपन्यासमा उनको कहीँ पनि असत् चरित्र देखिएको छैन । त्यसेले उनी अनुकूल चरित्र हुन् । जीवन चेतनाका आधारमा गतिहीन चरित्र हुन् ।

## १६. काकी

काकी सेतु खड्कालाई बाल्यकालमा वात्सल्य प्रेम दिएर हुर्काएकी सेतु खड्काकी काकी हुन् । उनी स्त्री पात्र हुन् । बालककालमा आफूले हुर्काएको दिदीको छोरासँग बुढेसकालमा आश्रय लिन आउँदा उनले सेतु खड्काकी श्रमिती चिरिबिरीको तिरस्कार खेप्नु परेको छ । सेतु खड्काले माया गरे पनि चिरिबिरीले वास्ता नगर्दा बुढेसकालमा उनलाई चोट पर्दछ । उनी गौण चरित्र हुन् । उनको कार्यभूमिका सेतु खड्काकी काकीका रूपमा उपन्यासमा प्रस्तुत छिन् । उपन्यासमा उनको नराम्रो चरित्र देखिँदैन । बुढेसकालमा सहारा खोज्दा पाएकी छैनन् र पनि कुनै प्रतिक्रिया नजनाई आफूले आफ्नै ठाउँमा फर्कने सोच बनाएकी छन् । त्यसैले उनी अनुकूल चरित्र हुन् ।

## १७. चित्तु साहु

चित्तु टडीको सुन पसले हो । उसको पसलबाट चुच्चेले औँठी ठगेर लगेको छ । चित्तु साहु चुच्चेको घरमा गई चुच्चेकी सौतेनी आमा र बाबुलाई चुच्चेले आफूलाई ठगी भागेको कुरा सुनाउँदा पनि केही वास्ता नगरेको देखेर ऊ चिन्तित भएको छ । चुच्चेको बदमासीपनले ऊ ठगिएको छ । आफूले दुःख गरेर पैसा कमाउन लाग्दा पनि चुच्चेजस्ता बदमाससँग ठगिनु पर्ने पसलेहरूको विवशतातर्फ चित्तु साहुको कार्य भूमिका बनाइएको छ । ऊ पुरुष, गौण र अनुकूल चरित्र हो ।

१८. लप्टन्नी, लुरी, प्याण्टी, तता, साहिली, धनबेलीका साथहिरू हुन् । वनबेलीले आफ्नो छोरा बदमास भएको जसले गर्दा सबैले हेप्ने कुरा यिनीहरूसँग पोखेकी छन् । साना केटाकेटीहरूको स्वभाव नै चकचके,उपद्रयाहा हुन्छन् । सबै यस्तै हुन् भनि वनबेलीको चित्त बुझाइदिएका छन् । यी सबै स्त्री पात्र हुन् । यिनीहरूको कार्य भूमिका गौण छ । अनुकूल चरित्र छन् ।

१९. सुब्बिनी, डिठ्ठिनी, जिम्दार्नी सेतु खड्का र उपन्यासकी नायिका प्रेमकी आमा चिरिबिरीका साथीहरू हुन् । यिनीहरू दिनभरि जम्मा भई घरका छोराछोरीका कुरा गरेर बस्छन् । यी सबै स्त्री पात्र हुन् । कार्य भूमिकाका आधारमा गौण पात्र हुन् । यी सबै चिरिबिरी जस्तै घर परिवारको वास्ता नगर्ने, धर्ममा अधिक आस्था राख्ने पूजा आजामा व्यस्त हुने गर्दछन् ।

२०. बम्बु, चित्तु, सानी, लखबर, श्याम, सोहन, मोहन, मुखर्जी यी सबै पुरुष पात्र हुन् । उपन्यासको नायक भुवनका कलकत्तामा बस्दाखेरीका साथहिरू हुन् । सानी स्त्री पात्र हो । अरु सबै पुरुष पात्र हुन् । यी सबै गौण पात्र हुन्, नेपथ्य पात्र हुन् ।

२१. द्रव्यरत्न, चन्द्र, बलबहादुर चुच्चेका स्कुल पढ्दाका साथीहरू हुन् । यी सबै पुरुष पात्र हुन् । उपन्यासमा यिनीहरूको भूमिका गौण छ । यी सबै अनुकूल चरित्र हुन् ।

यसरी कार्य व्यापारका दृष्टिले **प्रेम** उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी वर्गीकरण गरिएको छ । अनुभव र प्रेम क्रमशः नायक नायिकाका रूपमा देखिएका प्रमुख पात्र हुन् भने चुच्चे पनि प्रमुख पात्रका रूपमा आएको छ । रजहाँस, वनबेली सहायक पात्रका रूपमा आएका छन् । झलक लालध्वज, सेतु, चिरिबिरी, ठोटरी, उपेन्द्, राजेश्वरी यी सबै गौण पात्रहरू हुन् । उपन्यासमा आएका विविध चरित्रहरूले सुपात्र वा नीतिपरक चरित्र र कुपात्र वा स्वार्थपरक चरित्रका रूपमा देखिएका छन् । यी पात्रहरूले लालध्वज, ठोटरी, चिरिबिर्रा र उसका साथीहरू समाजका अन्ध परम्परा, कुसंस्कृति, सौतासौताका व्यवहार, श्रीमान्ले श्रीमतीलाई हेर्ने दृष्टिकोण, बाबुको छोराछोरी प्रतिको उत्तर दायित्वको चरित्र निर्वाह गरेका छन् भने कसैले सहयोगी शिक्षित व्यावहारिक शिक्षालाई महत्त्व दिने, राम्रो सङ्गत पायो भने वा अवसर पायो भने नराम्रो मान्छे पनि सुध्रिन सक्छ भन्ने असल चरित्रको निर्वाह गरेका छन् ।

### ३.४.१.३ परिवेश

**प्रेम** उपन्यास वि.सं. २००५ वरिपरिको राणाकालीन र भर्खर प्रजातन्त्रको उदय हुन लागेको काठमाडौँको एउटा पारिवारिक परिवेशभित्र रचना गरिएको छ । काठमाडौँको मध्यम गींय परम्परागत संस्कारमा विश्वास गर्ने पारिवारिक परिवेश उपन्यासमा आएको छ । नेपालका पहाड, तराई र उपत्यकासम्मको परिवेश एवम् ग्रामीण, सहरिया, दरबारिया, खानदानी र तिनका नोकरचाकरका दर्राहरूलाई गाउँघरका श्रमिक पल्टने, गरिब किसानहरूका टिठलाग्दा अवस्थालाई उपन्यासमा स्थान दिइएको छ । आफू बाँचेको समाज र जीवनपद्धतिलाई धर्म, जाति र संस्कारलाई आदर्शको कसीमा घोटेर परिमार्जन गर्ने अभियानमा प्रस्तुत उपन्यासमार्फत प्रस्तुत गरिएको छ । काठमाडौँको परिवेशबाट प्रारम्भ भएको यस उपन्यासमा नेपालको पहाड, तराई र भारतको कलकत्तासम्मको परिवेश चित्रण भएको छ । साथै बागमतीमा पौडी खेल्ने, हरिसिद्धिको बाह्र वर्षे मेलाको चर्चासम्म पनि औपन्यासिक परिवेशभित्र आएको छ । परिवारभित्रका सौता–सौताका झगडा सौतेनी छोराप्रतिको अभद्र व्यवहार, पाठपूजा, धर्म संस्कारलाई परिवेश बनाइएको छ । नायक भुवन र नायिका प्रेमको उच्च शिक्षाका लागि कलकत्ता जाने प्रसङ्गले तत्कालीन नेपाली समाजमा सामान्य परिवारका छोराछोरीले पनि पढाइमा रुचि राख्न थालेको र पढ्ने वातावरण बनेको परिवेश पाइन्छ । भर्खर शिक्षाको महत्त्वका बारेमा बुझ्न थालिएको छ ।

उपन्यासको प्रमुख कार्यस्थल झलकको परिवार रहेको छ । उपन्यासमा घटेका घटनाहरू तथा पात्रको क्रियाकलापबाट कोही अङ्ग्रेजी शिक्षाका पक्षपाती रहेको र कोही भने परम्परागत हिन्दु संस्कृति र सभ्यतालाई त्याग्नु हुन्न भन्ने मान्यता बोकेका देखिन्छन् । तत्कालीन नेपाली समाजमा छोरीलाई वा नारीलाई पढ्न पठाउनु हुन्न भन्ने परिवेश उपन्यासमा आएको छ र कोही कोहीमा भने नारीलाई शिक्षा दियो भने पारिवारिक खिचलो झैँ–झगडा हुँदैन, सभ्य समाज बन्छ भन्ने मान्यता राख्दछन् । जागिरको सिलसिलामा घरपरिवारबाट बाहिर जाने कामको सुरुवात भएको देखिन्छ । घरबाहिर पढाइको लागि जाने वातावरणको प्रस्तुति पनि यस उपन्यासमा भएको छ ।

उपन्यासकारले घरमा फुर्सद भएका बेला घरमै आइमाई जम्मा भएर घरका, श्रीमान्का, छोराछोरीका कुरा गरेर बस्ने घर परिवारमा कलहको वातावरण सिर्जना गर्ने अशिक्षित नारीहरूको यथार्थलाई आफ्नो परिवेशमा समेटेका छन् । बाबुको सम्पत्तिको धाक लगाएर श्रीमान्लाई हेप्ने, छोरलिाई बाहिर पढ्न पठाउनु हुँदैन भन्ने मान्यता राख्ने महिलाहरूको सोचाइमा शिक्षा मार्फत परिवर्तन गर्न सकिन्छ भन्ने कुरा उपन्यासमा आएको छ । उपन्यासमा नारलिाई शिक्षा दिन नहुने परम्परागत मान्यता, धार्मिक अन्धविश्वास, मेला पर्व जात्रा आदि विविध किसिमका वाावरणको सहज चित्रणपाइन्छ । चुच्चे जस्ता पात्रका माध्यमबाट बौद्धमा केर्टी जिस्क्याउने, भगाएर दार्जिलिङ्ग पुऱ्याउने, त्यहीँबाट सेनामा भर्ती भई युद्धमा लडी वीरगति प्राप्त गरेको घटनालाई समेत परिवेशका रूपमा समेटिएको छ ।

काठमाडौँको एउटा घरको पारिवारिक पृष्ठभूमिलाई मुख्य कार्यस्थल बनाएको **प्रेम** उपनयासले काठमाडौँकै बागमती, बौद्ध लगायतका ठाउँका साथै पूर्व दार्जिलिङ्ग, भोजपुर र पश्चिममा हुम्लासम्मको नेपाली परिवेश र भारतका काशी, कलकत्ताका रहनसहन, त्यहाँको शिक्षालाई आफ्नो वृत्तमा समेटेको छ । तत्कालीन समाजमा हुने बहुविवाह, बालविवाहलाई पनि उपन्यासको परिवेश बनाइएको छ । परम्परागत संस्कारलाई मान्ने र नयाँ अर्थात् आधुनिक अङ्ग्रेजी शिक्षा नै समयको मात्र रहेको विषयलाई **प्रेम** उपन्यासले आफ्नो परिवेशमा समेटेको छ ।

## ३.५ उपन्यासका सूक्ष्म तत्त्व

### ३.५.१ दृष्टिबिन्दु

**प्रेम** उपन्यास तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको उपन्यास हो । उपन्यासकार उपन्यासभन्दा बाहिर बसेर सम्पूर्ण घटनाको कथन गरेका छन् । सम्पूर्ण कथानक चुच्चेको जीवनमा आधारित छ । उपन्यासका सबै घटना वर्णन विश्लेषण र संवादहरू उपन्यासकारले पाठकका अगाडि उभ्याएका छन् । उनी उपन्यासभन्दा बाहिर बसेर पात्रका हृदय एवम् मानसिक जगत्मा विचरण गरेका छन् । परिस्थितिको चित्रण

तत्कालीन घटनाक्रमहरूको अवलोकन उपन्यासकार परै बसेर गरेका छन् । घटनाक्रमहरूलाई अघि बढाउन अवस्थानुसार पात्र चयन उपर्युक्त प्रकारले गरिएको छ । उपन्यासमा समाजका यथार्थ पात्रहरू र घटनाहरूलाई टिपेर आदर्शको लेप लगाउने प्रयत्न गरिएको छ । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गरेका हरेक घटनालाई आफैले टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा तृतीय पुरुष अर्थात् बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासकारले उपन्यासका सम्पूर्ण घटना क्रियाकलाप संवाद तथा पात्रका मानसिक उतारचढावलाई बाहिरै बसेर सरसर्ती वर्णन गरेका छन् । सम्पूर्ण घटनाहरू आफ्नै अगाडि घटेजस्तै गरी वर्णन गरेका छन् ।

उपन्यासमा प्रमुख सहायक तथा गौण पात्रहरूका वरिपरि घटेका घटनाका सर्वज्ञाता स्वयम् उपन्यासकार नै हुन् । उपन्यासको प्रारम्भ पाँच वर्षको बालपात्र चुच्चेको उपद्रयाहा स्वभावले दिक्क भएकी वनबेलीको मनमा खेलेका कुराहरूको वर्णन उपन्यासकारले देखेकै जस्तो गरी गर्दछन् –

> "अइय्यू, कति धारामा मात्र गएर लुगा भिजाएको होला, हैरान भइसकेँ, कति जोर लुगा फेराइदिऊँ, आँखा झिमिक्क गर्न हुन्न, लौ धारामा पुगिहाल्दछ, एकदिन भए हो, दुई दिन भए हो, दिनदिनै कति सहनु ए ! आजित भइसकेँ ।"

चुच्चेका बाल्यकालका साथहिरूको वर्णन रजहाँसको वनवेली र उसको छोरा चुच्चेप्रतिको व्यवहार, झलकको लााचारीपन, लालध्वजका परम्परागत सोच, भुवन र प्रेमको सहयोगी भावना, सेतुको छोरीप्रतिको दृष्टिकोण सम्पूर्ण पात्रहरूको चरित्रीकरण उपन्यासकारले तृतीय पुरुष वर्णनात्मक दृष्टिबिन्दुमा गरेका छन् ।

घटनाको वर्णन गर्ने क्रममा प्रसङ्ग अनुसार उखान टुक्काको प्रयोग गरेका छन् । ठाउँठाएँमा संवादात्मक अभिव्यक्ति प्रयोग गरिए पनि लेखनले वर्णनलाई सहज बनाउन सार्थकता दिन प्रयोग गरिएको छ । वर्णनका क्रममा चरित्रका चारित्रिक विशेषता यसरी गर्दछन् –

“चुच्चेको बालकाल यस्तै हिसाबले बित्न लागेको थियो उसका हातगोडा पनि लागे, बाहिर जान लागिसकेको थियो मण्डली भएर निस्केको थियो” (४) ।

“पश्चिम हुम्लाका खड्काहरूको नाम नेपाल राज्यभरमा प्रख्यात थियो । आफ्नो खानदानको नाम चलाउने वीरजनक सिंह खड्का नै हुन् । उनले रोबर्टको काबुलको धावामा काबुलीहरूको सातो पुत्लो उडाएर ब्रिटिस सेनापतिबाट स्याबासी लुटेका थिए” (१७) ।

“सेतुकी मुखेनी चिरिबिरी इलाहबादका काजीहरूकी सन्तान हुन् । यिनका बाबुले यिनर्लाा कटहरबनमा ७० बिगाहा लम्बरी यिनका नाममा दर्ता गरिदिएका थिए । १७ सय रुपियाँ लगानीमा लगाइएको थियो । यसैको तुजुक थियो । ठोटरीले रौ बराबर गन्थिनथिन् । त्यसैले सधैँ घरमा दन्तबजान” (२१) ।

पात्रहरूको संवादमा उपन्यासकार आफू लुकेर पात्रहरूलाई संवाद गर्न छाडिदिएका छन् ।

सेतु – भो, भो चुप लाग् सुने भने के भन्लान् ।

मुखेनी – कले ?

सेतु – कस्तो ? अब काकीले ।

मुखेनी – काकी ? को कसरी काकी ? मैले त जसका आमाबाबु भनन्ने ठानेकी !

सेतु – तिमी किन भन्दिनथ्यौ त ? ती बिचरी पितृ भइसकेकी बुढी त्यो भुस्तिघ्रे, भुसुण्डे, तिनीहरू पनि लोक्रो स्वास्नी होलान् भनि कसरी ठान्न सकेकी ? उदेक लाग्छ ।

मुखेनी – के बुढाबुढीको तृष्णा मरेको हुन्छ र ?

सेतु – जाऊ, तिमी त राम, राम, कस्ता कुरा मुखबाट निकाल्न सकेकी ।

उपन्यासकारले मुख्य सहायक तथा गौण चरित्रहरूका जीवन पक्षहरू बाहेक पारिवारिक झैँझगडा, शिक्षाप्रतिको आफ्नो विचार, सामाजिक सांस्कृतिक

रीतिरिवाजहरूलाई पात्रका माध्यमबाट घटना अगाडि बढाएका छन् । यसरी उपन्यासमा वर्णित सम्पूर्ण घटनाका द्रष्टा उपन्यासकार पाण्डे कहीँ आफूले पर बसेर कहीँ पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् ।

### ३.५.२ सारवस्तु/उद्देश्य

**प्रेम** उपन्यासमा रुद्रराज पाण्डेले वि.सं. २००५ वरिपरिको समयको राणाकालको अन्त्य हुँदै गरेको अवस्था र प्रजातन्त्रको उदय हुनलागेको नेपाली समाजको पारिवारिक, सांस्कृतिक, धार्मिक, शैक्षिक जनजीवन सम्बन्धी विचारहरू प्रस्तुत गर्नु नै **प्रेम** उपन्यासको उद्देश्य हो । विभिन्न किसिमका छुट्टाछुट्टै विचार र घटनालाई यस उपन्यासमा देखाउन खोजिएको छ । बालकलाई आमाको मायाका साथसाथै बाबुको प्रेरणा, रेखदेखको आवश्यकता पर्दछ भन्ने देखाउन खोजिएको छ । बहुविवाह गर्ने बहुविवाह गरिसकेपछि जेठीलाई वास्ता नगर्ने र जेठीपट्टिका सन्तानहरूलाई पनि हेरचाह नगर्ने कान्छीसँग डराउने तत्कालीन यथार्थलाई देखाएका छन् । सौता भनेपछि शत्रुको रूपमा हेर्ने उसका सन्तान बिग्रँदा खुसी हुने महिलाहरूको घिनलाग्दो चरित्रलाई रजहाँस पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । एउटी नारीलाई आफ्नो पति पछिको जीवनको सहारा उसका सन्तान हुने र ती सन्तान राम्रो मार्गमा नहिँडे ती नारीलाई त्योभन्दा ठूलो चोट केही पनि हुँदैन भन्ने कुरा पनि वनबेली अर्थात् चुच्चेकी आमाका माध्यमबाट देखाइएको छ । सानैमा विवाह गरिदिने तत्कालीन समाजमा विवाह गरिसकेपछि पतिको मृत्यु भयो भने खसम टोकुवाको चोट खपेर उसेको घरमा जीवन बिताउनु पर्ने बाध्यात्मक स्थितिको प्रस्तुति गरिएको छ ।

भर्खर नयाँ वा आधुनिक शिक्षाको अवाश्यकता मानी सामान्य वा मध्यमवर्गीय र निम्नवर्गीय जनताका छोराछोरी पढ्न थालेको समाजको चित्रण गरिएको छ । शिक्षाले चुच्चे जस्ता बदमास बालकलाई पनि सुधार्न सकिन्छ, शिक्षा नै असल मार्गमा डोऱ्याउने मार्गदर्शक हो भन्ने ठानिएको छ । परम्परागत संस्कृत शिक्षाले मात्र हुँदैन समयको मागअनुसार अङ्ग्रेजी शिक्षा पनि पढ्नु पर्छ भन्ने बोध भएकाले वनबेली रजहाँस र झलकले भुवनकहाँ चुच्चेलाई पढ्न पठाएका छन् । तर अझै पनि ईश्वरमा

आस्था राख्ने ईश्वर नै सबैकुरा हुन्, ईश्वरले जे चाह्यो त्यही हुन्छ, ईश्वरलाई खुसी बनाउन संस्कृत शिक्षा नै पढ्नु पर्छ भन्ने धारणा राख्ने लालध्वज जस्ता पात्रका माध्यमबाट पुरातनवादी विचार प्रकट भएको छ । भर्खर आफ्ना छोराछोरीलाई पढाउनु पर्छ भन्ने सोचको विकास नेपाली समाजमा हुँदै गरेको कुरा प्रस्तुत उपन्यासमा प्रस्तुत गरिएको छ । आधुनिक शिक्षाको सिलसिलामा भारतका विभिन्न विश्वविद्यालयमा पढ्न जाने गरेको कुरा देखाइएको छ । शिक्षाले मानिसलाई असल बनाउँछ, परोपकारी तथा अरुको भलोचिताउनु पर्छ भन्ने सोचको विकास गर्छ, मान्छेको मनोविज्ञान बुझ्न सहयोग गर्छ भन्ने कुरा उपन्यासका नायक भुवन र नायिका प्रेम मार्फत प्रस्तुत गरिएको छ ।

घरमा बसी आइमाई जम्मा भई घरपरिवारका कुरा काट्ने घरमा कलहको वातावरण सिर्जना गर्ने महिलाहरूको चरित्र देखाइएको छ । बाबुको सम्पत्तिको आडमा घर परिवारमा आफ्नो आडम्बर देखाउने ठोटरी र चिरिबिरी जस्ता महिलाले घरमा असन्तुष्टि र द्वन्द्वको वातावरण सिर्जना गरेका छन् । एकले अर्काको कुरा काट्ने भए नभएका कुरा आफ्ना पतिलाई लगाउने घरमा अशान्ति मच्चाउने महिलाहरूको नराम्रो प्रवृत्ति एकातिर देखाएका छन् भने अर्कोतिर त्यस्ता कुराहरू महिला अशिक्षित भएका कारणले हो भन्ने कुराको पुष्टि पनि देखाएका छन् । नारीलाई शिक्षा दिनुपर्छ । नारी शिक्षित भयो भने सिङ्गो परिवार, समाज र राष्ट्र शिक्षित हुन्छ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । उपन्यासकी नायिका प्रेमलाई कलकत्ता पढ्न पठाएर छोरीहरूलाई पनि बाहिर पढ्न पठाउनु पर्छ भन्ने मानसिकता बोकेका सेतु जस्ता बाबुको समाजमा खाँचो रहेको छ भन्ने देखाइएको छ । पढेका नारीमा सहयोगी भावनाको विकास हुन्छ । प्रेमले काशीमा बस्दा त्यहाँको अस्पतालको विरामीहरूको रेखदेख गर्छिन् र त्यहाँबाट नेपाल आएपछि बज्रयोगिनीमा बाह्र वर्षे मेला हेर्न जाँदा घाइते भएका भुवनको उपचार गरेको देखाइएका छन् । सेतुकी श्रीमती चिरिबिरीले अनपढ भएकै कारण घरमा अशान्ति छाएको हो भन्ने कुरा उपन्यासकारले प्रस्तुत गरेका छन् ।

मान्छेको जीवनमा प्रेमको खाँचो हुन्छ । सम्बन्ध अनुसार प्रेम पनि छुट्टाछुट्टै किसिमको हुन्छ भन्ने कुरा पनि विविध पात्रका माध्यमबाट उपन्यासकारले प्रस्तुत गरेका छन् । एउटा बालक सधैँ बाबु, आमा दुवैको माया चाहन्छ । यदि त्यो प्राप्त गर्न सकेन भन्ने उसको जीवन नै सखाप हुन्छ भन्ने कुरा चुच्चे पात्र मार्फत प्रस्तुत गरिएको छ । कान्छी आमा ल्याएपछि आफ्नो बाबुले आफूलाई माया नगरेको नराम्रो छाप चुच्चेमा परेको छ जसको कारण चुच्चे बिग्रिएको छ । महिला पुरुष बिचको आकर्षण पनि देखाउन खोजिएको छ । घरमा श्रीमती हुँदाहुँदे परस्त्रीलाई विवाह गरेर ल्याएको र घरमा पति हुँदाहुँदै परपुरुषलाई मन पराउनु उसेको बाटो हेरेर बस्नु यी सबै प्रेमले गर्दा नै हो भन्ने देखाइएको छ । मानिस युवा अवस्थामा पुगेपछि परपुरुष र परस्त्रीसँग प्रेम गर्न रुचाउने र त्यो प्रेममा आफूले जस्तो सुकै मूल्य चुकाउन पनि पछि नहट्ने कुराको प्रस्तुति छ । मान्छेलाई मन पराउन धेरै पटक देख्नु पर्दैन एक नजरले देख्यो भने पनि उसप्रति प्रेमभाव प्रकट हुन्छ भन्ने देखाइएको छ । प्रेम नै मान्छेको जीवन जिउने एक आधार हो भन्ने देखाइएको छ ।

आधुनिक नेपाली उपन्यासको परम्परा स्थापित गरी नेपाली उपन्यास परम्परामा समाजका वेदना, आँसु, हाासो, रोखन, धार्मिक विश्वास आदिको चित्रण गरेर आदर्शमय नैतिक समाजको परिकल्पना गरेका छन् । समग्रमा प्रेम उपन्यासको सारवस्तु पनि तत्कालीन समाजका मान्यताहरू अन्धविश्वासहरू, धार्मिक मूल्यमान्यताहरू, मानवीय चाहनाहरूको यथार्थतामा विविध प्रकारका प्रेम सम्बन्धहरू देखाएर आदर्श र नैतिकताको स्थापना गर्नु रहेको छ । वनबेली आफ्नो छोरा चुच्चेलाई जतिसुकै हृदय विछाएर प्रेम दर्शाए पनि चुच्चेले आमाप्रति उचित प्रेम गर्न नसक्दाको परिणाम, वनवेलीले जतिसुकै प्रेम र सहनशीलता देखाए पनि रजहाँसको कटुतापूर्ण व्यवहारले नारीले नारीप्रति प्रेम नगर्दा हुने पारिवारिक स्थिति देखाइएको छ । सानो छँदा प्रेम गरेर हुर्काएकी काकीलाई बुढेसकालमा सेतुकी श्रीमतीले प्रेमयुक्त व्यवहार नगरेर घरबाट निकालिदिएको अवस्था देखाइएको छ । शिक्षाले व्यक्तित्व निर्माण र नैतिक आदर्श स्थापना गर्छ भन्ने सन्देश उपन्यासका नाटक भुवनबाट र नायिका प्रेममार्फत

प्रस्तुत गरेका छन् । प्रेमका विविध रूप देखाएर उचित र नैतिक आदर्शमय प्रेमको स्थापना गरी समाजमा परिवर्तन ल्याउन चाहेको देखिन्छ ।

यसरी राणाकालको अन्त्य र प्रजातन्त्रको सुरुवातको संकटपूर्ण समयको सामाजिक यथार्थलाई उपन्यासमा पस्किन खोजिएको छ । नाता सम्बन्धका आधारमा एकले अर्कालाई प्रेमभाव राख्नु पर्ने, प्रेमपूर्ण व्यवहारले मान्छेको जीवन सहज हुने र नारी शिक्षाको वकालत यस उपन्यासको उद्देश्यका रूपमा आएको छ । असल सङ्गतले र असल प्रेमपूर्ण व्यवहारले खराब मान्छे पनि सही मार्गमा आउन सक्छ भन्ने देखाउन खोजिएको छ ।

### ३.५.३ भाषाशैली

भाषाशैलीका दृष्टिले **प्रेम** उपन्यास महत्त्वपूर्ण कृतिको रूपमा देखिन्छ । प्रेम सामाजिक उपन्यास हो । यसको भाषाशैली ज्यादै सरल, रसिलो र मीठो छ । भाषा पनि सलल बगेको छ । उपन्यास वर्णनात्मक विधा भएकाले यस उपन्यासमा पनि उपन्यासकारले वर्णनात्मक शैली नै अपनाएका छन् । उपन्यासको भाषा पात्र सुहाउँदो छ । सामान्य पारिवारिक जीवन बिताउनेहरूको भाषामा स्थानीय भाषिकाको प्रयोग भएको छ भने पढेलेखेकाहरूको भाषा उच्चस्तरीय नै छ । प्रशस्त नेपाली उखानटुक्का, अनुकरणात्मक शब्द, स्थानीय भाषा, अङ्ग्रेजी शब्दको प्रयोग, हिन्दी शब्दको प्रयोगले उपन्यासको भाषा रोचक बनेको छ । पारिवारिक जीवनमा प्रयोग गरिने सामान्य चलनचल्तीका सरल भाषाको प्रयोग गरिएको हुँदा यस उपन्यासको भाषा प्रवाहपूर्ण छ । पात्रहरूको स्तर अनुसारको भाषा र सामान्य पात्रहरूले प्रयोग गर्ने भाषा प्रयोग गरिएकाले उपन्यासको भाषा सर्वसाधारणले पनि सजिलै बुझ्न सक्ने सरल रहेको छ । झर्रा नेपाली शब्दहरूको र प्रचलित तत्सम, तत्भव र आगन्तुक स्रोतका शब्दहरूको अत्यधिक प्रयोगले उपन्यासको भाषा सरल, स्वाभाविक र गतिशील बनेको छ । धेरैजसो पात्रहरू अशिक्षित मध्यम वर्गीय नेपाली समाजका भएकाले तिनीहरूले कथ्य भाषाको प्रयोग गरेका छन् । शब्दहरू सरल वाक्यहरू सहज ढाँचामा चयन गरिएको छ । संवादको पनि ठाउँठाउँमा प्रयोग गरिएको छ । अन्य भाषा बोल्नेहरूले नेपाली

भाषाका कथनहरूलाई हुबहु त्यही भाषामा प्रयोग गरिदिँदा अलि खल्लो महसुस भए पनि नेवारी भाषा बोल्नेले नेपाली भाषा बोल्दा रोचक देखिएको छ । जस्तै : "हाम्रो छोरा ट यटि सानै उमेरमा यस्टा डुस्ट छैन के भनौँ !" (पृ. ४)

**प्रेम** उपन्यासमा संस्कृतका विभिन्न पद पदावलीहरूको प्रयोग गरिएको छ । संस्कृतका किंवदन्तीहरू आएका छन् । जस्तै :

*विद्या ददाति विनयं*

*सर्व पदं हस्तिपदे निमग्नमं*

*ऋणम् कृत्वा घृतं नियग्नम*

संस्कृत शब्दहरू : नाथ, आमोद, प्रमोद, दृष्टिगोचर, गृहस्थी, कृतज्ञता, मित्थ्या, प्रारब्ध, कर्ण, कदर, मातृ–हदय ।

संस्कृतका शब्दहरूको प्रयोग गरिएता पनि ती शब्दहरू नेपाली जनजिब्रोले पचाउने खालकै छन् । अधिकांश संस्कृत शब्दहरू नेपाली बोचालमा आइसकेका नै छन् । तिनले भाषामा क्लिष्टताको स्थिति सृजना गरेका छैनन् ।

उपन्यासकारले **प्रेम** उपन्यासमा हिन्दीका पनि प्रशस्त शब्द तथा पदावलीहरूको प्रयोग गरेका छन् ।

हिन्दीका शब्द र पदावलीहरू : तारिफ, लड्का, चेहेरा, क्लिप, दिल, आदत, दोस्त, फिक्री, नजर, मगज, ठण्डा, पास, खेल, काफीबाद, नसीब, गठे आए दाए अपाए, नोक्सान, जुल, मोहस्वत, मेहरबानी, आप भला तो जगत भला आदि ।

अङ्ग्रेजी शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । केही अङ्ग्रेजी शब्दहरू अङ्ग्रेजीमै लेखिएको छ भने केही नेपालमिा लेखिएको छ ।

डिस्टिङ्सन, प्रोफेसर, क्रिम, इन्जेक्सन, पोजिशन, क्राइसिस, बर्थमनि, ब्याकवेञ्चर, रेफ्रिजेरेटर, मार्केट, क्लास, सुट, फर्मफोर, अबाउट टन, ब्याण्डेज, रेसकोर्स, सकर, लाउडस्पीकर ।

The greatest good of the greatest number

Necessity is the mother if invention

One crowded hour of glorious life is worth age without name.

यस उपन्यासमा प्रशस्त नेपाली समाजमा प्रयोग गरिने अनुकरणात्मक झर्रा शब्दहरूको प्रयोग पनि भएको छ । जस्तै च्याँ च्याँ, ह्वाल्याक्क, ओल्ट्याङ पल्ट्याङ, धपक्क, प्याँप्याँ, ध्यान्न, ब्यान्न, क्वाँक्वाँ, वाल्ल, थुक्क, घुक्क, पट्याङ, इयास्स, झसङ्ग, झिमिक्क, गुटुमुटु, झल्यास्स, बुर्लुक्क आदि ।

यस्तै उखानटुक्काको प्रयोगलाई **प्रेम** उपन्यासमा अधिक महत्त्व दिएको छ । यस्ता उखानटुक्काहरूले भनाइको प्रखरतालाई निकै बढाएका छन् । पाण्डेले यस उन्यिासमा आवश्यकता अनुसार ठाउँठाउँमा उखानको प्रयोग गरेर भाषालाई सिंगार्ने काम गरेका छन् ।

आफ्नो आङ कन्यायो आफैलाई छारो (उखान)

मेरो अन्तर सारुन् तारुन अरुका अन्तर कीरा पारुन् (उखान)

बेला न कुबेला बजीनयला (उखान)

लोटिस् बुढी बाटै काटियो (उखान)

चिचि पनि पापा पनि (उखान)

बाखीको पुच्छर खाएको जस्तो (उखान)

भाङ्ग्राको टोपीलाई गुएँलाको फूल (उखान)

म गर्छु आग्राको कुरा यहाँ गर्नुहुन्छ गाग्राको कुरा (उखान)

झर्रा नेपाली शब्दको प्रयोग : सातो पुत्लो, आइय्यू, लछारिन्छ

बालबालिकाले बोलीमा स्वाभाविकता 'छोला भे पनि हुन्छ, मिल्छी भे पनि हुन्छ, दिनोच् बुवा अब देखिनन् माग्दिन छत्तेछत्ते'

नेपालीले गर्ने गालीहरू : अलच्छिन्याइ, चण्डाल्नी, घोरमुखा, खस्मटोका, च्याउसी, अध्यारमुण्टी, राँडाराँडी, अदना, लफङ्गा, डङ्किनी ।

वाक्यसंरचनाका दृष्टिले **प्रेम** उपन्यासमा सरल, जटिल दुवै प्रकारका वाक्यहरूको प्रयोग गरिएको भए तापनि सरल वाक्यहरूको आधिक्य रहेको छ । जटिल वाक्य अन्तर्गतका संयुक्त र मिश्र वाक्यहरूको संरचनाले पनि भाषालाई क्लिष्ट बनाउने खालका नभएर भावलाई प्रभावशाली भएर बग्न दिने खालकै छन् । सरल वाक्यात्मक संरचनाको आधिक्यले यस उपन्यासको भाषालाई सरल, सरस, सुबोध्य र प्रभावपूर्ण बनाएका छन् ।

**(क) सरल भाषाका नमुनाहरू**

"ऊ केही बुभ्न सक्दैनथ्यो ।"

"यो वातावरण बालकका निमित्त त पहेली नै थियो ।"

"वनबेलीलाई केटाकेटीका पीर खपिनसक्नु भएको थियो ।"

**(ख) संयुक्त वाक्यका नमुनाहरू**

बालक मनोविज्ञानका पहेली हुन्, यो विशाल सृष्टिमा मगजै खलबलाउने कर्ण हुन्, अँध्यारोका घरका चिराज हुन्, विधवाका हीराका टुक्रा हुन्, सधवाका काखका शृङ्गार हुन्, हाँसोको फोहोरा हुन्, घरै पिच्छेका लाउडस्पीकर हुन्, ध्वनि विस्तारक यन्त्र यिनलाई संभाल, यिनको मिजास बुझ जाँच, छुच्चाइपट्टि ढल्कन नदेऊ यति होस् राख नत्र यिनीहरूको मनोवेगमा खेलवाडमा हात नहाल ।

चुच्चेको बालककाल यस्तै हिसाबले बित्न लागेको थियो, अब त उसका हातगोडा पनि लागे, बाहिर जान लागिसकेको थियो, मण्डली भएर निस्केको थियो, बाल समाजमा उसैको हैकम चल्थ्यो, उसलाई देखेर सबै कल्थुर थिए, वरिपरिका पुड्के, तटु, भाइचा, चुरे, नानीबाबु धेरै उसको पछि लाग्दथे ।

भाषमा रसिलोपन ल्याउन उपन्यासकारले **प्रेम** उपन्यासमा प्रशस्त निपात, एक अर्का पात्रले आफू आफूमा प्रश्न गरेका छन् । अत्यधिक आश्चर्यबोधक वाक्यहरू आएका छन् । जसले गर्दा उपन्यास पाठकलाई पढ्न रोचक बनेको छ । प्रशस्त भाषिक विचलन पनि पाइन्छ । **प्रेम** उपन्यासमा प्रशस्त मात्रामा आलङ्कारिक अभिव्यक्ति

पाइन्छ । अलङ्कारले भाषालाई सजाएको छ । प्रशस्त बिम्ब प्रतीकहरू पनि प्रयोग भएको छ :

"म भए तमेरो छोरालाई हुरुक्क पार्न खोज्नेको ऐना भ्याल ढुङ्गाले हानेर फटालिदिन्थे ।"

"कुकुर्नीको मूत चुहाइहाली"

"कान्छी आमाले अम्बा खोसेर लिनो भयो । छत्ते छत्ते भन्दै चुच्चेले घुक्क गऱ्यो । बुढाको हृदयमा कीलो बिज्यो ।"

"लेलाले मजूनको कल्पना गरेभैँ, जुलियटले रोमियोको चित्र खिचेभैँ, दमयन्तिले नललाई सम्भेभैँ, रजहासले भुवनलाई सम्भन थालिन् ।"

**प्रेम** उपन्यासमा उपन्यासकार उपन्यासभन्दा बाहिर बसेर घटनाहरू वर्णनात्मक शैलीले वर्णन गरे पनि वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन, भनाइमा रोचकता, स्वाभाविकता देखाउन संवादको पनि प्रयोग गरेका छन् । संवाद अघि र संवादपछि आफैले पात्रहरूको टिप्पणी गरेका छन् । संवादको प्रयोग भएका ठाउँमा पात्र सुहाउादा सरल कहीँ लामा कहीँ छोटा संवादहरूको प्रयोग गरिएको भए पनि धेरै छोटा संवाद छन् । **प्रेम** उपन्यासमा आएका संवादका केही नमुनाहरू :

उपेन्द्र – हलो मिनिस्टर भुवन, आज तपाईं पनि छाउनीतिर ? के उदेक भयो ? घरमा किताबहरूको वियोगको बिलौना गर्न लागे होलान् ।

भुवन – हो, मै मात्र किताबको कीरा – तिमीहरू त नपढीकन पास हुने के लाग्यो ? हामीले सरस्वतीलाई रिभाउन पनि सकेनौँ, नपढी पास हुन पनि पाउन सकेनौ ।

उपेन्द्र – हो, त्यसैले त सधैँ क्लासमा पहिला भएको ? स्कुलमा तल्लो क्लासदेखि नै तिमीलाई होच्याउँला भनेर बलभद्रले कोशिस गरेको होइन ? बिचरा १२ घण्टा रोज पढ्दो के लाग्यो, सकेन ।

भुवन – किन बलभद्रको करा गर्दछौ ? तिमीले पनि कम उद्योग गरेका हौ र ? आजकाल पो बडो सौखिन भएका छौ । हामी त के भनौा ? नपढी फुट्टी आउँदैन ।

मुखेनी र उपेन्द्रको छाउनीमा भेट भई कहिलै घर बाहिर नडुल्ने, पढिराख्ने भुवन डुलेको देखेर उपेन्द्रले भुवनलाई जिस्काएको प्रसङ्गलाई यहाँ संवाद बनाइएको छ :

मुखेनी – होइन, पाहुना आएका, फेरि, पाहुना, पाहुना पाउना ! होइन पाउना पनि हाम्रै घरमा मात्र यसरी घुरिने किन हो ? ओइरिएका छन् एकछिन चुलो खाली भनेको छैन । यस्तो भएपछि कसरी सह हुन्छ ।

सेतु – भो, भो चुप लाग सुने के भन्लान् ।

मुखेनी – कल्ले ?

सेतु – कल्ले ? अब काकीले ।

मुखेनी – काकी ? को कसरी काकी ? मैले त जसका आमाबाबु भनन्ने ठानेकी !

सेतु – तिमी किन भन्दिनथ्यौ त ? ती बिचरी पितृ भइसकेकी बुढी त्यो भुस्तिघ्रे, भुसुण्डे, तिनीहरू पनि लोग्ने स्वास्नी होलान् भनि कसरी ठान्न सकेकी ? उदेक लाग्छ ।

मुखेनी – के बुढाबुढीको तृष्णा मरेको हुन्छ र ?

सेतु – जाऊ, तिमी त राम, राम, कस्ता कुरा मुखबाट निकाल्न सकेकी ।

सेतुकी मुखेनीको नराम्रो चरित्र यस संवादबाट देखाउन खोजिएको छ ।

यसरी **प्रेम** उपन्यास सरल र सरस वाक्यको प्रयोग, धेरै भन्दा धेरै तत्सम र आगन्तुक शब्दको प्रयोग, विभिन्न भाषामा पाइने किम्वदन्तीहरूको प्रयोग, वर्णनात्मक एवम् नाटकीय शैलीमा लेखिएको उपन्यास हो । भर्खर पारम्परिक उपन्यास लेखनमा नयाँ मोड दिएका उपन्यासकार पाण्डेले **प्रेम** उपन्यासको कथावस्तु सामाजिक स्रोतबाट लिएका छन् र त्यही समाजका विविध खाले पात्र जस्तै : शिक्षित, अशिक्षित, रुढिवादी

संस्कार मान्ने पात्रहरूको प्रयोग गरेका छन् र ती पात्रहरूलाई पात्र सुहाउँदो भाषा प्रयोग गरेका छन् । उपन्यासको भाषामा प्रशस्त व्याकरणिक विचलन, भए पनि मौलिकताले गर्दा उपन्यासको भाषा रोचक बनेको छ । निम्न तथा मध्यम वर्गीय सर्वसाधारण व्यक्तिहरूले प्रयोग गर्ने सरल र सहज भाषाशैली यसमा प्रयोग भएको छ । यसका साथै उखानटुक्का, झर्रा नेपाली शब्द, निपात, सामानय बोलचालको भाषा प्रयोगले उपन्यासमा शिल्प सौन्दर्यको सृष्टि भएको देखिन्छ । धेरैजस्तो पात्रहरूको भनाइमा सरलता, सहजता पाइन्छ । हिन्दीका शब्दको प्रयोग पनि अत्यधिक गरिएको छ । शिक्षित पात्रहरूको भनाइमा मिठास पाइन्छ । मौलिक र निजी भाषाशैलीका प्रयोगले उपन्यासको भाषाशैली स्तरीय नै देखिन्छ ।

## ३.६ निष्कर्ष

उपन्यास आख्यानात्मक विधा हो । उपन्यासलाई संरचनात्मक दृष्टिले सुगठित र संरचनात्मक आबद्धतामा आधारित रहेर रचना गरिएको हुन्छ । प्रस्तुत तेस्रो परिच्छेदमा **प्रेम** उपन्यासलाई उपन्यासका संरचनाका आधारभूत तत्त्व वा विधातत्त्वका आधारमा के कस्ता विशेषता छन् भनि उल्लेख गरिएको छ । **प्रेम** उपन्यासको कथानक, चरित्र र चरित्र चित्रण परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषाशैलीका बारेमा चर्चा यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

**प्रेम** उपन्यासको कथानक सिलसिलेवार रूपमा शृङ्खला मिलेको रैखिक ढाँचामा लेखिएको छ । यसको कथानकको स्रोत २००५ सालको तत्कालीन समाजको रीतिस्थिति, चालचलन, पारिवारिक बनावट, परिवारमा एकले अर्कालाई गर्ने प्रेमसम्बन्ध, शिक्षाको चित्रण वा समाज रहेको छ । कथानकहरू एउटा एउटा घटना टप्पटप्प उठाएर राखे पनि अप्रासङ्गिक देखिँदैनन् । चुच्चेको एउटा मूल कथानकमा धेरै उपकथानकहरू आएका छन् । साना ठूला परिच्छेद सहित सत्ताईस परिच्छेदमा संरचित छ । कथानकको आन्तरिक संरचना भन्दा बाह्य संरचना सबल देखिन्छ । वर्णनात्मक र संवादात्मक शैलीमा लेखिएको छ । ठाउँठाउँमा संवादको प्रयोग भएको देखिन्छ । यसको कथानकमा द्वन्द्व पनि छ । बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व बढी छ ।

कथानकलाई डोऱ्याउन विभिन्न किसिमका पात्रहरू आएका छन् । प्रेम र भुवन क्रमशः उपन्यासका नायक नायिका हुन् । चुच्चेको बाल्यकाल देखिका घटना र बिचबिचमा अन्य घटनाहरू आएका छन् । अन्य पात्रहरूमा चुच्चेकी आमा वनबेली, बाबु झलक, सौतेनी आमा रजहाँस, जेठाबा लालध्वज, माइली आमा ठोटरी, साँइलो बुवा, सेतु र साँहिली आमा चिरिबिरी मुख्य रूपमा आएका छन् भने अन्य थुप्रै पात्रहरूको प्रसङ्ग अनुसार बिचबिचमा आउने हराउने गर्दछन् ।

**प्रेम** उपन्यासको परिवेश प्रमुख रूपमा काठमाडौं वरिपरिको स्थान, नेपालको पूर्व दार्जिलिङ्गदेखि पश्चिम हुम्ला र भारतको बनारस, काशी, कलकत्तासम्मको ठाउँ, स्थान वा देशका रूपमा आएका छन् भने वि.सं. २००५ साल वरिपरिको परिवेशको सामाजिक, पारिवारिक, धर्म, संसकृति, शिक्षादीक्षाको सिथति चित्रण कालिक परिवेशका रूपमा आएको छ । **प्रेम** उपन्यासले समाज सुधारको सन्देशका दिन खोजेको छ । यस उपन्यासमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासकार उपन्यास भन्दा बाहिर बसेर उपन्यासको कथानक प्रस्तुत गरेका छन् । कथानकको सर्वज्ञाता आफैं बनेर सबै पात्रहरूलाई महत दिएर तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुमा आधारित भएर उपन्यासको कथा वाचन गरेका छन् । उपन्यासको भाषाशैली सरल र रोचक छ । पात्रअनुसार भाषाको प्रयोग गरिएको छ । धेरै जसो अशिक्षित पात्रहरू छन् । शब्दहरू सरल र वाक्य सहज ढङ्गमा चयन गरिएको छ । ठेट नेपाली शब्द, ठाउँ अनुसारका भाषा, प्रशस्त तत्सम र आगन्तुक शब्दको प्रयोग, विभिन्न भाषाका किम्वदन्ती उखानको प्रयोग प्रशस्त पाइन्छ । भाषामा व्याकरणात्मक त्रुटि र भाषिक विचलन पनि छ । बालकको भाषामा स्वभाविकता पहिलो भाषा अर्कै हुनेहरूले नेपाली भाषा बोल्दा गर्ने त्रुटिहरू पनि देखिन्छ । ग्रामीण परवेशमा गर्ने गालीहरूले पनि उपन्यासलाई रोचक बनाएका छन् । विभिन्न कोणबाट समाजको चित्रण गरी प्रेमका विविध रूप पस्केर उचित र नैतिक आदर्शमय प्रेमको स्थापना गरी समाजलाई आदर्शवान् बनाउन खोज्नु यस **प्रेम** उपन्यासको उद्देश्य रहेको छ । नारी शिक्षाको आवश्यकता, राम्रो सङ्गतले जतिसुकै बिग्रिएको व्यक्ति पनि सुध्रिएर राम्रो काममा लाग्न सक्छ भन्ने सन्देश दिनु पनि यस उपन्यासको उद्देश्य रहेको छ ।

# परिच्छेद चार

# उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्र **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको योजना हो जसमा कुन विषयमा शोध गर्ने र कसरी गर्ने भन्ने विषयमा स्पष्ट खाका तयार पारिएको छ । त्यसैको आधारमा शोधलेखन अगाडि बढाइएको छ । पहिलो परिच्छेदमा विषय परिचय, समस्या कन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता अध्ययनको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरखो जस्ता शीर्षकहरू रहेका छन् ।

विषय परिचयमा उपन्यासकार रुद्रराज पाण्डेको सामान्य परिचय र **प्रेम** उपन्यास सम्बन्धी सङ्क्षिप्त चर्चा गरिएको छ । समस्या कथनमा **प्रेम** उपन्यासको विधातात्त्विक विश्लेषण नभएको र समस्या राख्दै उद्देश्यमा **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययन विश्लेषण गरेर समस्या समाधान गर्ने भन्ने बारेमा उल्लेख गरिएको छ । पूर्वकार्यको समीक्षामा **प्रेम** उपन्यासका बारेमा विभिन्न विद्वान्हरूले पुस्तक, पत्रपत्रिका, शोधपत्रमा लेखेका लेख रचनाहरूको समीक्षा गरिएको छ । अध्ययनको औचित्य र महत्त्वमा उपन्यास औपन्यासिक विशेषता भएको एक उत्कृष्ट उपन्यास भएकोले यसको उपन्यास विधातत्त्वका आधारमा अध्ययन गरिनु आवश्यक देखिएको र विधातत्त्वका आधारमा **प्रेम** उपन्यास के कस्तो छ भनि बुझ्न चाहने जो कोही जिज्ञासु पाठकहरू तथा साहित्यानुरागी सबैलाई उपर्युक्त हुने अपेक्षा गरिएको छ । अध्ययनको सीमाङ्कनमा **प्रेम** उपन्यासको विधातात्त्विक अध्ययनलाई मुख्य समस्या बनाई त्यसैमा सीमित हुनु रहेको छ । शोधविधिमा पुस्तकालयीय अधययन पद्धतिलाई अवलम्बन गरिएको छ । साथै आवश्यकताअनुसार विषय विशेषज्ञहरूसँग समेत आवश्यक सल्लाह सुझाव लिइएको छ । त्यसैगरी शोधपत्रको रूपरेखामा शोधपत्रको संरचनालाई सङ्गठित, व्यवस्थित र क्रमबद्ध रूपमा प्रस्तुत गर्नका लागि चार परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा उपन्यासको सङ्क्षिप्त सैद्धान्तिक परिचय, तेस्रो परिच्छेदमा विधातत्त्वका

आधारमा **प्रेम** उपन्यासको विश्लेषण र चौथो परिच्छेदमा उपसंहार वा निष्कर्ष राखिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदको शीर्षक उपन्यासको सङ्क्षिप्त सैद्धान्तिक परिचय रहेको छ । यो शीर्षकमा उपन्यास शब्दको व्युत्पत्ति र अर्थ उपन्यासलाई विभिन्न पाश्चात्य र पूर्वीय विद्वान्हरूले गरेका परिभाषा जस्तै : "पाश्चात्य विद्वान्हरूमा हेनरी फिलिङ्, हेनरी जेम्स, इन्साइक्लोपेडिया, ब्रिटानिका, आर.एल. स्टेभेन्स र पूर्वी नेपाली विद्वान्हरूमा दयाराम श्रेष्ठ, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, कृष्णचन्द्र सिंह प्रधान, इन्द्रबहादुर राइृ आदि परिभाषालाई प्रस्तुत गरिएको छ । उपन्यास आख्यानात्मक विधा हो र साहित्यका अन्य विधाजस्तै यसको पनि छुट्टै अस्तित्व र स्वरूप वा आकार हुन्छ भनि उपन्यासको स्वरूपका बारेमा चर्चा गरिएको छ । उपन्यासका तत्त्वहरू कथानक, चरित्र चित्रण, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीको बारेमा पनि उल्लेख गरिएको छ । उपन्यासको भिन्न भिन्न विशेषताका आधार मानेर उपन्यासलाई वर्गीकरण गरिएको छ । उपन्यासलाई वर्गीकरण गर्ने क्रममा कथावस्तुका आधारमा उपन्यासको वर्गीकरण, विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण र धारागत प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा उपन्यास विधाका तत्त्वहरूमा आधारित रहेर **प्रेम** उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासकार रुद्रराज पाण्डेद्वारा रचित **प्रेम** उपन्यासको कथानक २००५ साल वरिपरिको नेपाली समाजको रीतिस्थिति, परम्परा, धर्म, संस्कृति, शैक्षिक स्थिति आदिबाट लिइएको छ । कथानक रैखिक ढाँचामा लेखिएको छ । कथाको संरचना सत्ताईस परिच्छेदमा गरिएको छ र यसको आन्तरिक भन्दा बाह्य संरचना बलियो र सुगठित देखिन्छ । कथानकको स्रोत तत्कालीन नेपाली समाज रहेको छ । उपन्यास आख्यान विधा भएकाले वर्णनात्मक शैलमा लेखिएको छ । ठाउँ ठाउँमा संवादको प्रयोग छ । एकपछि अर्को घटनामा के आउँछ भनि कौतुहलता पनि सिर्जना भएको छ । कथानकमा सुहाउँदा पात्रको प्रयोग गरिएको छ । पात्रहरूलाई विभिन्न विद्वान्हरूले गरेका वर्गीकरणका आधारमा हेरिएको छ । पात्रले उपन्यासभित्र खेलेको भूमिका, स्त्री र पुरुष पात्र, वर्गीय र व्यक्तिगत पात्र, जीवनचेतना, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा हेरिएको छ । उपन्यासको परिवेश २००५ साल

वरिपरिको नेपाली समाज र त्यतिबेलाका सामाजिक रीति परम्परा, धर्म, संसकृति, शिक्षाको स्थितिलाई मुख्य परिवेश बनाइएको छ । उपन्यासले पाठकलाई आदर्शको पाठ सिकाएको छ । यस उपन्यासमा बाह्य तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । तृतीय पुरुषमा पनि सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग छ । उपन्यासकारले उपन्यासभन्दा बाहिर बसेर उपन्यासका सबै पात्रहरूका चारित्रिक स्वभावको वर्णन गरेका छन् । उपन्यासको भाषा सरल, सुबोध्य छ, तत्सम, आगन्तुक शब्द प्रशस्त पाइन्छ । विभिन्न भाषाका किम्वदन्ती र उखानले उपन्यासको भाषालाई रोचक बनाएको छ । शैली वर्णनात्मक छ । **प्रेम** उपन्यासको मुख्य उद्देश्य पारिवारिक प्रेम सम्बन्ध, परिवार भित्रका व्यक्तिले जस्तै आमाले छोराछोरीप्रति गर्ने माया, ममता, परिवारमा एकले अर्कालाई गर्ने प्रेमसम्बन्ध देखाएर आदर्श समाजको स्थापना गर्नु रहेको छ । यसरी प्रस्तुत तेस्रो परिच्छेदमा **प्रेम** उपन्यासलाई उपन्यासका विधातत्त्वका आधारमा विश्लेषण गर्ने कोसिस गरिएको छ । चौथो परिच्छेदमा पहिलो, दोस्रो र तेस्रो परिच्छेदको सङ्क्षिप्त उपसंहार, शोधपत्रको छोटो चर्चा गरिएको छ ।

**प्रेम** उपन्यासको कथानक सिलसिलेवार मिलेको रैखिक ढाँचामा लेखिएको छ । यसको कथानकको स्रोत वि.सं. २००५ सालतिरको तत्कालीन समाजको रीतिस्थिति, चालचलन, पारिवारिक बनावट, परिवारमा एकले अर्कालाइ गर्ने प्रेमसम्बन्ध, शिक्षाको चित्र जस्ता कुराहरू आएका छन् । कथानकको आदि भाग चुच्चेको बाल्यावस्था, उपद्राहा बानीबाट सुरु हुन्छ । चुच्चेले पुड्केलाई पिटेर भाग्नु कथानकको सङ्घर्ष विकास हो । चुच्चेले चमेलीलाई भगाउन देखि चमेलीसँग खटपट भई सेनामा भर्ती हुनु चरम विकास हो । अनि सेनामा भर्ती भई युद्धमा लड्न सङ्घर्ष ह्रास हो । वीरगति प्राप्त गर्नु फल प्राप्ति हो । यसरी **प्रेम** उपन्यासको कथामा आदि, मध्य र अन्त्य मिलेको आन्तरिक संरचना भन्दा बाह्य संरचना बलियो भएको उपन्यास हो ।

**प्रेम** उपन्यासमा विविध खाले प्रशस्त पात्रहरूको प्रयोग भएको छ । चुच्चे उपन्यासको प्रमुख नायक पात्र हो । भुवन सहायक पुरुष पात्र हो । चमेली सहायक नारी पात्र हो । झलक, लालध्वज, सेतु, भुवनका साथीहरू चतुरानन्द, चिन्तु साहु, उपेन्द्र, बम्बु, चचुच्चेका साथीहरू द्रव्यरत्न, चन्द्र, बलबहादुर पुरुष गौण पात्र हुन् भने रजहाँस, वनबेली सहायक नारी पात्र हुन् । डल्ली, ठोटरी, चिरीबिरी, सुब्बेनी काकी,

डिठ्ठिनी, जमिन्दार्नी, लप्टन्नी, लुरी, प्यान्टी, तता, साइली यी सबै गौण स्त्री पात्र हुन् ।

**प्रेम** उपन्यासको परिवेश वि.सं. २००५ वरिपरिको राणा कालीन र भर्खर प्रजातन्त्र उदय हुन लागेको काठमाडौँ एउटा पारिवारिक परिवेश आएको छ । नेपालका पहाड, तराई र उपत्यका सम्मको परिवेश एवम् ग्रामीण, सहरिया, दरबारिया, खानदानी र तिनका नोकरचाकरका ठर्राहरूलाई स्थान दिइएको छ । नेपालको पहाड, तराई र भारतको कलकत्तासम्मको परिवेश चित्रण भएको छ । बाग्मतीमा पौडी खेल्ने हरिसिद्धिको १२ वर्षे मेलाको चर्चा पनि गरिएको छ । घर परिवारभित्र सबैले नाता सम्बन्ध अनुसार प्रेम गर्नुपर्ने र आधुनिक शिक्षाले पारिवारिक कलह हटाउन सकिने परिवारमा शान्ति बनाउन सकिने कुरा आएका छन् ।

**प्रेम** उपन्यास बाह्य दृष्टिबिन्दु अर्थात् तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको उपन्यास हो । सम्पूर्ण कथानक चुच्चेको जीवनमा आधारित छ । उपन्यासको भाषा सरल, सहज, उखानटुक्का, मिश्रित छ । स्थानीय भाषिकाको प्रयोग प्रशस्त भएको छ भने उच्च स्तरीय पढेलेखेका पात्रहरूको भाषा स्तरीय नै देखिन्छ । यस उपन्यासमा मान्छेको जीवनमा प्रेमको खाँचो हुन्छ । सम्बन्ध अनुसार प्रेम पनि छुट्टाछुट्टै किसिमको हुन्छ । समाजका वेदना, आँसु, हाँसो, रोखन, धार्मिक विश्वास आदिको चित्रण गरेर आदर्शमा शिक्षित समाजको परिकल्पना गर्नु नै यस उपन्यासको उद्देश्य हो ।

यसरी प्रेमका विभिन्न रूप पस्केर उचित र नैतिक आदर्शमय प्रेमको स्थापना गरी समाजलाई आदर्शवान् बनाउन खोज्नु यस **प्रेम** उपन्यासको उद्देश्य रहेको छ । र उपन्यासकारले विभिन्न किसिमका प्रेमहरू देखाई शिक्षित समाजको परिकल्पना गरेका छन् ।

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान**, काठमाडौँ : क्षितिज प्रकाशन, २०६३ ।

घर्ती, दुर्गाबहादुर, **अनुराधा उपन्यासको कृतिपरक अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५३ ।

चापागाईं, विष्णुप्रसाद, **रूपमती उपन्यासको कृतिपरक अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६१ ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, **नेपाली कथा र उपन्यास**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५७ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा**, दोस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०६६ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, ते.सं., काठमाडौँ : साझा प्रकाशन ।

थापा, माहेनहिमांशु, **साहित्य परिचय**, चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्य रूपरेखा**, दोस्रो संस्क., काठमाडौँ : साझा प्रकान, २०४९, पृ. १७८ ।

पोखरेल, भानुभक्त, **साहित्य र साहित्य**, प्र.संस्क., विराटनगर, मूलचन्द्र शर्मा, श्याम पुस्तक भण्डार, २०४० ।

पोखरेल, बालकृष्ण र अन्य, **बहृत् नेपाली शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

प्रधान, कृष्णचन्द्र सिंह, **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५२, पृ. १४–१५ ।

बन्धु, चूडामणि, **भाषाविज्ञान**, छैटौँ संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँ : साझा प्रकाशन, २०६६ ।

भण्डारी, यादव, नरेन्द्र कोइराला र ज्ञानेश्वर निरौला **नेपाली उपन्यासको विशेष अध्ययन**, काठमाडौँ : प्रशान्ति पुस्तक भण्डार, २०६१ ।

राई, इन्द्बहादुर, **नेपाली उपन्यासका आधारहरू** ।

शर्मा, मोहनराज, **समकालीन सालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

–––––, **शैली विज्ञान**, दोस्रो संस्क., काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य समालोचना, प्रमुखवाद र प्रणाली**, तेस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क.,, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी, यु.पी. भारत : भूमिका प्रकाशन, २०५३ ।